म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १०० बुधबार ५ मंसिर २०८१ ने. सं. ११४५ कछलागा 20 Noveber 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरका कार्की सहित दुईजना पक्राउ

हेटौंडा, ४ मंसिर/अवैध लागूऔषध गाँजा करिब ३ किलोग्राम सहित रुपन्देहीबाट २ जना पक्राउ परेका छन् । सिद्धार्थनगर नगरपालिका-३ चाँदनीचोकबाट आइतबार दिउँसो २ जनालाई प्रहरीले पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरुमा सोही ठाउँ डेरा गरी बस्ने सोही नगरपालिका-१ रानीगाउँ घरभएका ३० वर्षीय कमल रसाईली र मकवानपुर थाहा नगरपालिका-७ बस्ने २३ वर्षीय दिनेश कार्की रहेका छन् । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय भैरहवा, जिल्ला प्रहरी कार्यालय रुपन्देही समेतबाट खटिएको प्रहरीले कमलको कोठाबाट गाँजा फेला पारी दुबै जनालाई पक्राउ गरेको हो । यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# बागमती सरकारको विकास खर्च सुस्त, चालू खर्च तीव्र

भानुभक्त आचार्य

हेटौंडा, ४ मंसिर/ बागमती प्रदेश सरकारले चालू आर्थिक वर्ष २०८१/८२ का लागि बिनियोजन गरेको पुँजीगततर्फ पहिलो चौमासिक (कार्तिक मसान्तसम्म)मा जम्मा ३ दशमलव ५० प्रतिशत मात्रै खर्च गर्न सकेको छ ।

जब की, चालू खर्चतर्फ बिनियोजित रकमको १४ दशमलव ६५ प्रतिशत खर्च भइसकेको छ । विकास अड्डाहरुको पुँजीगत खर्च निराशाजनक देखिएको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयमा बिनियोजि पुँजीगत बजेटको ४ दशमलव १६ प्रतिशत मात्रै खर्च भएको छ । यो मन्त्रालयको चालूखर्च भने १९ दशमलव ३३ प्रतिशत भइसकेको छ । भौतिकमा पुँजीगततर्फ २२ अर्ब २० करोड ७५ लाख ५१ हजार र चालूतर्फ ४३ करोड ९६ लाख ७८ हजार बजेट बिनियोजन गरिएको थियो ।

तत्कालीन आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाले गत १ असारमा चालू आवका लागि ६४ अर्ब ५४ करोड ४ लाख रुपैयाँको बजेट बिनियोजन गरेका थिए । जसमा चालू खर्चतर्फ २६ अर्ब १० करोड १६ लाख रुपैयाँ, पूँजीगततर्फ ३६ अर्ब ९३ करोड ८७ लाख रुपैयाँ र वित्तीय व्यवस्थापनतर्फ एक अर्ब ५० करोड रुपैयाँ विनियोजन गरिएको थियो । प्रदेश सरकारले आव २०८०/८१ मा ६२ अर्ब ७० करोड रुपैयाँको बजेट ल्याएको थियो ।

असार लागेपछि बजेट सक्काउने क्रम जुनसुकै सरकार आउँदा पनि परिवर्तन देखिएको छैन । असार महिनामा बजेट पारित भएपछि पहिलो चौमासिकमा काम




नगरी बस्ने क्रम निरन्तर देखिएको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयका प्रवक्ता श्रीकृष्ण आचार्यले दिएको जानकारीअनुसार प्रदेशले ३६ अर्ब बिनियोजित पुँजीगतमा १ अर्ब २९ करोड २३ लाख ७९ हजार र २६ अर्ब बजेट रहेको चालूतर्फ ३ अर्ब ८२ करोड ४५ लाख रुपैयाँ मात्रै खर्च गर्न सकेको छ ।

मुख्य न्यायाधिवक्ताको कार्यालय, प्रदेश लोकसेवा आयोगको कार्यालय र प्रदेश नीति तथा योजना आयोगले पहिलो चौमासिकमा पुँजीगतखर्च एक रुपैयाँ पनि गर्न सकेको छैनन् । मुख्य न्यायाधिवक्ताको कार्यालयमा १३ लाख, प्रदेश लोकसेवा आयोगलाई ९१ लाख र नीति तथा योजना आयोगलाई २१ लाख पुँजीगतर्फ बिनियोजन गरिएको थियो । प्रदेश व्यवस्थापिका, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, पर्यटन मन्त्रालयले बिनियोजन भएको पुँजीगत रकमको १ प्रतिशत पनि खर्च गर्न सकेको छैनन् ।

मुख्यमन्त्री तथा मन्त्रि परिषद्को कार्यालयको चालूतर्फ ११ दशमलव १४ र पुँजीगततर्फ ६ दशमलव ३६ प्रतिशत, आर्थिक मामिला मन्त्रालयले चालूतर्फ १३ दशमलव ५४ र पुँजीगततर्फ १२ दशमलव ५० प्रतिशत खर्च गरेको छ । यस्तै, उद्योग, वाणिज्य तथा प्रशासन मन्त्रालयले चालूतर्फ ९ दशमलव ३५ र पुँजीगततर्फ १० दशमलव ३३, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले चालूतर्फ ८ दशमलव ०६ र पुँजीगततर्फ ७ दशमलव ८० प्रतिशत रकम खर्च गर्न सकेको छ ।

खानेपानी, उर्जा तथा सिचाईं मन्त्रालयको चालूतर्फ २४ दशमलव ५६ प्रतिशत खर्च हुँदा पुँजीगततर्फ २ दशमलव ५२ प्रतिशत खर्च भएको आर्थिक मामिला मन्त्रालयका प्रवक्ता आचार्यले जानकारी दिए । वन तथा वातावरण मन्त्रालयले चालूतर्फ १९ दशमलव १८ र पुँजीगततर्फ २ दशमलव ९७ प्रतिशत, युवा तथा खेलकुद मन्त्रालयले चालूतर्फ ५ र पुँजीगततर्फ ८ दशमलव ९१ प्रतिशत, सामाजिक विकास मन्त्रालयले चालूतर्फ ८ दशमलव ४९ र पुँजीगततर्फ २ दशमलव १९ प्रतिशत, स्वास्थ्य मन्त्रालयले चालूतर्फ १४ दशमलव ५४ र पुँजीगततर्फ २ दशमलव १२ प्रतिशत खर्च गरेको आर्थिक मामिला मन्त्रालयले जनाएको छ ।

श्रम, रोजगार तथा यातायात मन्त्रालयले चालूतर्फ १६ दशमलव ५१ प्रतिशत र पुँजीगत तर्फ ३ दशमलव ८३ प्रतिशत खर्च गरेको छ । साउन भदौ बर्षात, असोज कात्तिक चाडवाड, पुस माघ जाडो याममा काम हुन नसक्ने पुरानै परम्परा हो । फागुन लागेपछि बल्ल टेण्डरको सूचना निकाल्ने र असारमा हतारहतार काम गर्ने बिगतकै नियती दोहोरिएको छ ।

### संघीय अनुदानले बढायो आम्दानी

प्रदेश सरकारले चालू आवको पहिलो चौमासिकमा आम्दानी बढेको छ । चार महिनामा १० अर्ब ५० लाख ४५ हजार अर्थात कुल लक्ष्यको १५ प्रतिशत आम्दानी गर्न सफल भएको छ ।

चालू आवको पहिलो चौमासिकको तुलनामा गत आव ८०/८१ को कार्तिक मसान्तसम्म ६ अर्ब ९७ करोड १ लाख २८ हजार रुपैयाँ आम्दानी थियो । मन्त्रालयका प्रवक्ता आचार्यले संघीय सरकारबाट यस वर्ष पहिलो चौमासिकमा समानीकरण अनुदान वापत २ अर्ब ६ करोड रुपैयाँ पठाएपछि आम्दानी बढी देखिएको बताए । उनका अनुसार संघीय सरकारले गत आवमा पहिलो चौमासिकभित्र समानीकरण अनुदान पठाएको थिएन । संघीय सरकार बाट १५ अर्ब ५७ करोड ५६ लाख अनुदान पाउने अनुमान गरिएकोमा २ अर्ब ९६ करोड २४ लाख अर्थात १९ दशमलव २ प्रतिशत प्राप्त भएको छ ।

प्रदेश सरकारको आफ्नो स्रोतबाट संकलित राजश्वको लक्ष्य ४ अर्ब ५३ करोड ८४ लाख ७९ हजार रुपैयाँ रहेकोमा पहिलो चौमासिकमा १ अर्ब १८ करोड ३१ लाख ९४ हजार अर्थात २६ दशमलव ७ प्रतिशत आम्दानी भएको छ । यसले प्रदेशको आफ्नै राजश्वस्रोतमा संकुचन आएको देखिन्छ । सरकारले बाँडफाँटबाट प्राप्त राजश्वको लक्ष्य २९ अर्ब ५५ करोड ८९ लाख रहेकोमा पहिलो चौमासिकमा ५ अर्ब ७७ करोड ७२ लाख ४२ हजार अर्थात १९ दशमलव ५४ प्रतिशत प्राप्त गरेको छ ।

### नागस्वती भेट्रान्स कप फुटबल

# आयोजक, हेटौंडा र चितवनको जित, एकैदिन दुई ह्याट्रिक



साझाकुरा संवाददाता

हेटौंडा, ४ मंसिर/ हेटौंडामा मंगलबारदेखि तेस्रो नागस्वती भेट्रान्स 'एट-ए' साइड फुटबल प्रतियोगिता सुरु भएको छ । एकैदिन भएको तीन खेलामा दुई खेलाडीले ह्याट्रिक पूरा गरे ।

नागस्वती भेट्रान्स क्लबद्वारा आयोजित प्रतियोगितामा आयोजक, हेटौंडा र चितवन भेट्रान्सले विजयी सुरुवात गरेका छन् । आयोजक नागस्वती भेट्रान्स 'ए' ले घरेलुमैदानमा एन.जे.जे.भिसि भेट्रान्स सिमरालाई ३-१ गोल अन्तरले पराजित गर्दै विजयी सुरुवात गरेको छ । खेलको १२, २७ र ३३ औं मिनेटमा नागस्वती भेट्रान्सका तर्फबाट डेबिन श्रेष्ठले ह्याट्रिक गरे । एन.जे.जे भेट्रान्सको तर्फबाट रत्नबहादुर खत्रीले एक गोल गरेका थिए । खेलको म्यान अफ द म्याच नागस्वती भेट्रान्सका डेबिन श्रेष्ठ घोषित भएका छन् ।

मंगलबारको दोस्रो खेलमा हेटौंडा भेट्रान्स विजयी भएको छ । हेटौंडाले पश्चिम चितवन भेट्रान्सलाई ४-० गोलअन्तरले हराएको छ । खेलको १४, ५१ र ५२ औं मिनेटमा हेटौंडाका लागि रितेस थापाले ह्याट्रीक गरे । सुबिन घिमिरेले २३ औं मिनेटमा गोल गरेपछि हेटौंडाको फराकिलो जित भयो । खेलको म्यान अफ द म्याच हेटौंडा भेट्रान्सका रितेस थापा घोषित भए ।

तेस्रो खेलमा चितवन भेट्रान्सले निजगढ भेट्रान्सलाई २-१ गोलले निरीह बनायो । चितवनका तर्फबाट खेलको १७ औं मिनेटमा सुरेन्द्र चौधरी र ३९ औं मिनेटमा विष्णु दराईले गोल गरे । निजगढ भेट्रान्सका तर्फबाट खेलको २४ औं मिनेटमा भीम लामाले गोल गरेका थिए । लामाको गोलसँगै बराबरीमा आएको खेलमा निजगढ सम्हालिन नसक्दा चितवनले एक गोल थप्न पुग्यो । खेलमा चित्तवनका विष्णु दराई म्यान अफ द म्याच चुनिए ।

हेटौंडा उपमहानगर पालिका-७ का वडाअध्यक्ष दामोदर गौतमले प्रतियोगिताको उद्घाटन गरे । उनले स्वस्थ्य बन्न खेलकुदले महत्वपूर्ण भूमिका खेल्ने बताए । नागस्वती भेट्रान्स क्लबले छोटो समयमा वडासँगै जिल्ला चिनाउन ठूलो भूमिका खेलेको उनको भनाई थियो । वडा तहबाट खेलक्षेत्रका लागि आवश्यक बजेट बिनियोजन गरेको बताउँदै उनले आगामी दिनमा सहयोग बढाउँदै जाने प्रतिबद्धता जनाए ।

प्रतियोगिता ८ मंसिर सम्म सञ्चालन हुनेछ । क्लबका अध्यक्ष सोमबहादुर तितुङले प्रतियोगिताको विजेतालाई २ लाख १ हजार र उपविजेतालाई एक लाख १ हजार नगदसहित शिल्ड, मेडल पुरस्कार रहेको जानकारी दिए । प्रतियोगितामा देशभरका १५ वटा भेट्रान्स क्लबको सहभागिता छ । चारवर्ष अघि स्थापना भएको आयोजक क्लबले लगातार तेस्रोपटक प्रतियोगिता आयोजना गरेको हो । विगतका दुई संस्करण आयोजक आफैंले जितेको छ ।

खेल हेटौंडा-७ नागस्वतीस्थित नवज्योति विद्यालयको खेलमैदानमा भइरहेको छ । प्रतियोगिताअन्तर्गत आज बुधवार चारवटा खेल हुने अध्यक्ष तितुङले बताए । पहिलो खेल लेकसाईड भेट्रान्स पोखरा र वीरगन्ज युनिटी भेट्रान्स, दोस्रो खेल बीरगन्ज युथ एकेडेमी र पशुपति भेट्रान्स, तेस्रो खेल बीरगन्ज सिटी भेट्रान्स र जोर पाटी भेट्रान्स र चौथो खेल अभिषेक चर्च भेट्रान्स र नागस्वती भेट्रान्स 'बि' बीच हुनेछ ।

# उपनिर्वाचन आचारसंहिता र तयारीका सम्बन्धमा अन्तरक्रिया



साझाकुरा संवाददाता

हेटौंडा, ४ मंसिर/ स्थानीय तहको उपनिर्वाचनका लागि हेटौंडामा निर्वाचन तयारी र आचार संहिता सम्बन्धमा जिल्ला उपनिर्वाचन आचारसंहिता अनुगमन समितिको बैठक बसेको छ ।

बैठकलाई सम्बोधन गर्दै मुख्य निर्वाचन अधिकृत अवनी मैनाली भट्टराईले राजनीतिक दल, उम्मेदवार, दलका भातृसंगठन तथा सम्बन्धित व्यक्तिले निर्वाचन आचार संहिता पूर्णरुपमा पालना गर्न आग्रह गरेकी छिन् । निर्वाचललाई शान्तिपूर्ण भयरहित सम्पन्न गराउनु हामी सबैको कर्तव्य भएकाले निर्वाचन आचारसंहितालाई अक्षरस पालना गरी सहयोग गर्न अपिल गरेकी थिइन् ।

बैठकमा प्रदेश निर्वाचन अधिकारी हरिप्रसाद ढकालले निर्वाचन आचारसंहिता २०७९ को परिच्छेद ४ मा उल्लेख भएका बुँदागत आचारसंहिता राजनीतिक दल, उम्मेदवार, दलका भातृसंगठन तथा सम्बन्धित व्यक्तिले जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला वा निर्वाचनसम्बन्धि कार्य गर्दा पालना गर्नुपर्ने आचारणको बारेमा प्रष्ट पारेका थिए । त्यस्तै, राजनीतिक दल, राजनीतिक दलका उम्मेदवार, दलका भातृसंगठन तथा सम्बन्धित व्यक्तिले सवारीसाधान प्रयोग गर्दाका आचरणबारे समेत जानकारी गराएका थिए ।

उनले सञ्चारमाध्यम प्रयोग गर्दा पनि विभिन्न आचारणहरु पालना गर्न आग्रह गरेका थिए । बैठकमा मकवानपुरका विभिन्न राजनीतिक दलका प्रमुखहरु, प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवाल, मकवानपुरका प्रहरी प्रमुख विश्वराज खड्कालगायतको सहभागिता रहेको थियो ।

# २०.२८ मिनेटमा ५ किमि दौडिएर मिजारले जिते हेटौंडा रन

साझाकुरा संवाददाता

हेटौंडा, ४ मंसिर/ हेटौंडा-१४ का सञ्जीव मिजारले ५ किलोमिटरको दुरी २० मिनेट २८ सेकेण्डमा दौडिएर दोस्रो संस्करणको 'हेटौंडा रन-२०८१' को उपाधि जितेका छन् ।

हेटौंडा उपमहानगर पालिका खेलकुद विकास समितिको आयोजनामा भएको दोस्रो संस्करणको दौडमा हेटौंडा-१५ का धावक निश्चल तितुङ दोस्रो भएका छन् । उनले २० मिनेट ४२ सेकेण्डमा दुरी पूरा गरे । यस्तै, निर्धारित दुरी २० मिनेट ५१ सेकेण्डमा पूरा गर्दै हेटौंडा-१८ का अभिषेक रोक्का तेस्रो भएका छन् । हेटौंडा-१८ का मनिष गोपली चौथो र हेटौंडा-१४ का अमृत सुनार पाँचौ हुँदा हेटौंडा-१८ का रुवि बुलन र राक्सिराङ गाउँपालिकाका सुवास योञ्जन प्रोत्सान पुरस्कारबाट सम्मानित भए ।

दौडको विजेता, उपविजेता र तृतीयले क्रमश: नगद २५ हजार, १५ हजार र १० हजार रुपैयाँ नगद प्राप्त गरेका छन् । प्रतियोगितामा चौथो हुनेले ५ हजार, पाँचौंले पुरस्कार ३ हजार नगद पुरस्कार प्राप्त गरेका छन् । दौडका विजेता, उपविजेता तथा अन्य खेलाडीलाई आयोजक खेलकुद विकास समितिका अध्यक्ष रविन्द्र घिमिरे, हेटौंडा



उपमहानगरपालिका प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतमलगायतले पुरस्कार वितरण गरेका थिए ।

समापन समारोहमा खेलकुद विकास समिति सदस्यहरु विनोद राय, विजय गौतम, सुनिल लोप्चन तथा निमित्त शिक्षा विकास महाशाखा प्रमुख हरिचन्द्र सापकोटा लगायतको उपस्थिति रहेको थियो ।

दौड प्रतियोगितामा २५ जना सहभागी थिए । सहभागीले हेटौंडा-१०, बुद्धचोकबाट दौडयात्रा सुरु गरेर भैरवरोड, लक्ष्मी आधारभूत विद्यालय, सूर्यचोक, नवोदय, सत्यमचोक, थाहाचोक, शितलमहलचोक, ओमभवनहुँदै पुन: बुद्धचोकमा आएर आफू दौड पूरा गरेका थिए ।

**जग्गा बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका-४, ॐ आयल पछाडि रहेको दुर्गा खाजा घर संचालनमा रहेको १५ धुर जग्गामा बनेको घरसहित जग्गा बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकले सम्पर्क राख्नुहोला ।

**सम्पर्क :**
९८५११८३३२३ (सुजित कावर)

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# पोल्ट्री फर्मलाई मात्र जरिवाना

आजभन्दा २५ वर्ष पहिले ब्यवासायिक कुखुरा पाल्ने किसानले ९० दिन दाना खुवाएर पालेपछि बल्ल त्यो कुखुरा उपभोक्ताको घरमा पुग्थ्यो । तर, अहिले चल्ला हालेको ३५ दिनमा उपभोक्ताको भान्छामा पुगिसेकेको हुन्छ । केमिकलयुक्त दाना खुवाएर समय भन्दा अगावै कुखुराको मासु बढाउने गरिएको छ । हिजोआज कुखुराको मासु कति स्वास्थ्यबर्धक छ भनने विषयमा अध्ययन हुन जरुरी छ । मानवस्वास्थ्यका लागि कति हानीकारक छ ? यो विषयमा कसले परीक्षण गर्ने ? बागमती प्रदेशमा कानुन बनेको ३ वर्षपछि पहिलोपटक दुईवटा पोल्ट्री फार्मलाई कारबाहीसहित १० लाख रुपैयाँ जरिवाना तिराइएको छ । प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृतअगावै कानुनविपरित फार्म सञ्चालनमा ल्याइएकोले भक्तपुरको सूर्यविनायक नगरपालिका–८, स्थित जि.जे पोल्ट्री प्रालि र काभ्रेको पनौती नगरपालिका–६ मा रहेको सफल कृषक ह्याचरी एण्ड ब्रिडिङ फार्म प्रालिलाई जनही ५–५ लाख रुपैयाँ जरिवाना तिराएको हो ।

कृषि मन्त्रालय मातहतको वातावरणीय अध्ययन प्रतिवेदनको जाँचबुझ गरी सुझाव प्रदान गर्न गठित समितिको सिफारिसमा प्रदेशकै वन तथा वातावरण मन्त्रालयले जरिवाना गराउने निर्णय गरेको थियो । कृषि मन्त्रालयका योजना तथा अनुगमन महाशाखाप्रमुख सुजन कंडेलको अध्यक्षतामा रहेको समितिले पोल्ट्री फर्मको अनुगमनमा कानुनविपरित सञ्चालनमा आएको देखिएपछि कारबाहीका लागि कृषि मन्त्रालय हुँदै वन मन्त्रालयमा सिफारिस गरेको थियो । जि.जे र सफल कृषक पोल्ट्री प्रारम्भिक वातावरणीय परीक्षण स्कीकृतिका लागि कृषि मन्त्रालयमा प्रतिवेदन पेश गरेको थियो । प्रतिवेदनउपर जाँचबुझ समितिले स्थलगत निरीक्षण गर्दा काननुविपरित सञ्चालनमा आइसकेको भेट्टाएको कृषि मन्त्रालयले बताएको छ । सफल कृषक ह्याचरीले प्यारेन्ट कुखुरापालन र ह्याचिङ युनिट सञ्चालनका लागि र जि.जे पोल्ट्रीले ह्याचिङ युनिट स्तरोन्नती तथा निर्माणकार्य सञ्चालन गर्ने प्रयोजनका लागि वातावरणीय परीक्षण स्कीकृति मागेका थिए । फर्मले माग गरेको समयमा सरकारका निकायले गरेको ढिलासुस्तीको हिसावकिताव कहाँ हुन्छ ? यो विषयमा बोल्ने कोही पनि छैन । फर्मले गल्ती गरेकै होला तर, सरकारी निकायबाट गल्ती नहुने कुराको ग्यारेन्टी कसले दिने ? गत १७ भदौमा जिजे पोल्ट्री प्रालिलाई ५ लाख ५ हजार र ६ कार्तिकमा पनौतीको सफल कृषक ह्याचरीलाई ५ लाख १ हजार रुपैयाँ जरिवाना गर्ने वन मन्त्रालयबाट मन्त्रीस्तरीय निर्णय भएको छ । दुवै फर्मले जरिवाना तिरिसकेको कृषि मन्त्रालयका कानुन अधिकृत तामाङले जानकारी दिए ।

जरिवाना तिरेकाले जिजे प्रालिको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भइसकेको उनले बताए । सफल कृषकको भने प्रतिवेदन स्वीकृतिको चरणमा रहेको मन्त्रालयले जनाएको छ । वातावरण संरक्षण ऐन, २०७७ को दफा ४ को उपदफा (१) मा 'कसैले पनि प्रचलित कानुनबमोजिम वा यस दफा बमोजिम तयार गरिएको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत कुनैपनि प्रस्ताव वा आयोजना वा परियोजना वा कार्यक्रम कार्यान्वयन गर्न/गराउन हुँदैन' भन्ने उल्लेख छ । ऐनको दफा २७ को उपदफा (१) को खण्ड (ख)मा प्रारम्भिक वातावरणीय परीक्षण स्कीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरित हुनेगरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा त्यस्तो कार्य रोकी १० लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ । अर्कोतर्फ पछिल्लो समयमा कुखुरापालक किसानले प्रयोग गरिरहेको केमिकल जनस्वास्थ्यका लागि कति हानीकारक छ भनेर परीक्षण गर्ने कसले ? सरकारी निकायमा यो बहस कहिले हुने ?

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ मंसिर ६ गते बिहीबार २१ नोभेम्बर २०२४ । षष्ठी, मार्ग कृष्णपक्ष । कछलागा ११४५ ने.सं. । सूर्योदय ६:३१, सूर्यास्त ५:०८ । टेलिभिजन दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : विवाद हुन सक्ने | **तुला** | : व्यापारबाट फाइदा हुनेछ |
| **वृष** | : मनलाई नियन्त्रण गर्नुपर्नेछ | **वृश्चिक** | : मन प्रशन्न हुने देखिन्छ |
| **मिथुन** | : आफन्तको सहयोग मिल्नेछ | **धनु** | : नयाँ काम गर्न जागर आउनेछ |
| **कर्कट** | : यात्राको लागि राम्रो समय छ | **मकर** | : बोल्दा विचार पुऱ्याउनु पर्नेछ |
| **सिंह** | : सोचेजस्तो सहयोग मिल्नेछैन | **कुम्भ** | : पढाइमा सहयोग मिल्नेछ |
| **कन्या** | : समय पूजापाठमा बित्नेछ | **मीन** | : रिसाउने बानीले हानि पुग्नेछ |

# युग सुहाउँदा न्यू एलिटहरूको व्यग्र प्रतीक्षा



डा. सन्जिब हुमागाई

कुनै पनि समाज एलिटविहीन हुँदैन । हरेक समाज सञ्चालनमा एलिट वा एलिट समूहको प्रभुत्व हुन्छ । आफू अनुकूलको नीति, व्यवस्था, मूल्य र मान्यतालाई स्थापित गरेर उनीहरूले आफ्नो स्वार्थ पूरा गरिरहेका हुन्छन् । हरेक नतिजा र निर्णयहरू सो समयका एलिटहरूको प्राथमिकताले निर्धारण गरिरहेको हुन्छ । यो नियम समाजमा मात्रै होइन, राजनीति, हरेक संस्था वा सङ्गठनमा पनि लागू हुन्छ । हाम्रो गाउँ, टोलदेखि हरेक देश र युएनको महासभासम्म पनि लागू हुन्छ । यो एन्टोनियो ग्राम्सीले भनेको प्रभुत्व वा हेजेमनीको अवस्थाको न्यूनतम आधार पनि हो ।

जस्तै- एउटा उदाहरण हेरौं । संसारका धेरै देशहरूको तुलनामा हाम्रा विश्वविद्यालयहरूमा अनुसन्धानले कम प्राथमिकता पाउने गरेको छ । राज्यका त्यसमध्ये पनि विश्वविद्यालयभित्रका एलिटहरूलाई अनुसन्धानलाई प्रवर्धन गर्दा भन्दा कम प्राथमिकता राख्दा आफ्नो स्वार्थ पूरा हुने हुँदा अनुसन्धान पछाडि परेको हो । यस्ता उदाहरण हाम्रो समाज र राजनीतिमा प्रशस्तै भेटिन्छन् । कुनै पनि क्षेत्रमा सुधार ढिलाइ भइरहेको छ भने हामीले बुझ्नु पऱ्यो कि वर्तमान व्यवस्थालाई यथास्थितिमा राख्दा फाइदा हुन्छ भन्ने एलिटहरूको बाहुल्य छ । गठबन्धन छ । साठगाँठ छ ।

अंग्रेजी शब्दकोशहरूमा एलिटलाई सम्पत्ति वा बौद्धिक क्षमतामा आधारित भएर समाजमा प्रभाव पार्न सक्ने समूह भनेर परिभाषित गरेको पाइन्छ । एलिटलाई नेपाली भाषामा प्रबुद्ध समूह भनेर अनुवाद गर्ने गरिन्छ । शब्दकोशहरूले प्रबुद्धलाई सचेत अवस्थामा रहेको, जागरूक, बुझ्नुपर्ने कुरा राम्रो बुझेको आदि भनेर अर्थ्याएका छन् । एलिट शब्दको इतिहास हेर्दा ल्याटिन भाषाको 'छनोट गर्ने' भन्ने अर्थ लाग्ने इलिजिरीबाट फ्रान्सेली भाषाको 'इलिट' हुँदै अंग्रेजीमा एलिट भन्ने शब्द बनेको देखिन्छ ।

अहिले संसारभर न्यू एलिटको बहसले धेरै चर्चा पाउने गरेको छ । जब कसैलाई न्यू भनियो भने पूराना व्यक्ति वा समूह पनि पक्कै हुने नै भए । एलिटलाई दुई भागमा वर्गीकरण गरेर गरिने यस्ता छलफलमा ओल्ड वा पुराना एलिटलाई कुनै निश्चित विश्वविद्यालयको डिग्री भएका, कुनै पेशामा लामो समयदेखि रहेका, वा कुनै सामाजिक पद/उपाधि प्राप्त गरे पश्चात् निरन्तर एलिटको रूपमा स्थान पाउने एलिट निर्धारणको परम्परावादी पद्धतिबाट एलिटको तक्मा पाएका व्यक्तिहरूलाई चित्रित गर्न खोजेको देखिन्छ । हरेक देश र समाजमा समयसँगै एलिट निर्धारणका त्यस्ता मापकहरू फेरिन्छन् ।

नेपालको हकमा लामो समय प्रजातान्त्रिक आन्दोलनमा सहभागी भएका, देशको उच्च तहमा रहेर काम गरेका प्रशासकहरूलाई एलिट मानियो । राजनीतिक नियुक्ति प्राप्त गरेका व्यक्तिहरूलाई पनि अग्र श्रेणीमा रहेका एलिट मानियो । त्यसले प्राध्यापक, शिक्षक, पूर्व कर्मचारी, पत्रकार र व्यवसायीसम्मलाई राजनीतिक नियुक्तिप्रति लालायित बनायो । कालान्तरमा उनीहरू राजनीतिमा नै प्रवेश गरे ।

सारमा नेपालमा एकाद अपवाद बाहेक सार्वजनिक संस्थाका प्रमुख पदमा बसेर काम गरिरहेका वा गरिसकेका व्यक्तिहरू नै एलिट हुन् भन्ने मान्यता स्थापित भयो । अर्को शब्दमा एलिट हुन औपचारिक पद अनिवार्य जस्तै भयो । सकभर राजनीतिक नियुक्ति लिने, नसक्दा आफू भएको संस्थामा पद प्राप्ति गर्ने, त्यो पनि नहुँदा नयाँ संस्था खोल्ने रोग नै ल्यायो ।

संस्थाहरू यति धेरै खुले कि देशमा कुल निजामती कर्मचारीको संख्या र गैरसरकारी संस्थाको संख्या बराबर हुन पुग्यो । किनकि पदमा नभएको व्यक्तिले समाजमा प्रभाव पार्न नै नसक्ने अवस्था भयो । तर सबै देशमा भने यस्तो हुँदैनथ्यो । जस्तै कोरियामा अध्ययन गरेको विश्वविद्यालय नै निर्णायक हुन्छन् । देशका ३–४ विश्वविद्यालयमा अध्ययन गरेकाहरूलाई समाजले एलिटको दर्जा दिएको छ । उनीहरूलाई निजी क्षेत्रमा जागिर पाउन पनि सजिलो छ । राजनीतिमा प्रवेश गर्दा पनि सफल हुने सम्भावना धेरै छ ।

धेरै हदसम्म यो नियम अमेरिकामा पनि लागू हुन्छ । अमेरिकी राष्ट्रपति बाराक ओबामालाई हार्वर्ड ल स्कुल ग्राजुएट भएका अमेरिकी पुरातनवादी एलिट हुन् भन्दै अन्य पहिचान गौण रहेको वकालत गर्नेहरू धेरै छन् । नेपालमा पनि शिक्षाको स्तर र शिक्षा प्राप्त गरेको शैक्षिक संस्थाको श्रेणीले अर्थ नै नराख्ने भने होइन । नामको अगाडि डाक्टर राख्ने, आफूले अध्ययन गरेको विश्वविद्यालयलाई धेरै प्रसंगमा जोड्ने प्रचलन यहाँ पनि छ । त्यति हुँदाहुँदै पनि उसले सार्वजनिक पदमा बसेर काम गरेको छ कि छैन नै बलियो आधार हो र एकपटक त्यस्तो पदमा बसेर काम गरेको व्यक्तिलाई पदमा पुगेको आधारमा निरन्तर एलिट मान्ने परम्परा छ ।

पदको अगाडि पूर्व लगाएर सम्बोधन गर्दै त्यसलाई विशेष ग्राह्यता दिएका घटनाहरूको हामी सबै साक्षी नै छौं । अहिले राजनीतिकर्मी र उच्च तहमा रहेका प्रशासकहरूको पीएचडीप्रतिको आकर्षणको प्रमुख कारण पनि त्यही हो । एलिट हुन सार्वजनिक पद धारण गरेको हुनैपर्ने संस्कारले एकातर्फ पद प्राप्ति गर्न जस्तो सुकै सम्झौता गर्न पनि पछि नपर्ने प्रवृत्ति प्रोत्साहन गर्ने काम भयो भने अर्को तर्फ एलिट भनेको पावर एलिट मात्रै हुन् भन्ने डरलाग्दो भाष्यलाई जबर्जस्ती स्थापित गराइयो । राजनीतिक शक्तिको धेरा बाहिर पनि एलिट हुन्छन् र ती समाजका लागि आवश्यक हुन्छन् भन्ने अवधारणा नै लोपोन्मुख छ ।

तर अहिले त्यस्तो मूल्य र मान्यताप्रति धेरै प्रश्नहरू उठ्न सुरु भएको छ । हाम्रो समाज र राजनीति त्यस्ता प्रश्नहरूको उपलब्ध उत्तरहरूमा आधारित भई रूपान्तरण हुँदैछ । तर यस्तो बहसमा संसारभर अभ्यासमा रहेको न्यू एलिटको बहसले स्थान पाउनेभन्दा पनि पात्रहरू परिवर्तन गर्नु नै सबैथोक हो भन्ने अर्को डरलाग्दो भाष्य स्थापित गर्न खोजिदैछ । हाम्रो यो अस्पष्टता, अलमल अत्यन्तै दु:खद् छ र महँगो पनि ।

विश्वव्यापी रूपमा न्यू एलिटहरूका तीन विशेषताको बारेमा छलफल हुने गरेको छ । पहिला दुई विशेषताहरू व्यक्तिगत सक्षमतासँग जोडिएका छन् भने अन्तिम विशेषता उनीहरू त्यसमध्ये पनि पावर एलिटले आत्मसात् गर्ने मूल्य र मान्यता केन्द्रित छ ।

पहिलो, सूचना र प्रविधिको युगमा कुनै पनि एलिटसँग चार 'सी' हुनु आवश्यक हुन्छ । क्रिएटिभिटी (सृजनशीलता), कम्युनिकेशन (संवाद क्षमता), क्रिटिकल थिंकिङ (आलोचनात्मक चिन्तन) र कोल्याबोरेसन अर्थात् सहकार्य क्षमता । हाम्रो दैनिक जीवनमा दिनानुदिन उपकरण र सूचनाप्रविधिको प्रयोग बढ्दो छ । कार्यालयमा काम गर्ने पद्धतिमा आमूल परिवर्तन मात्रै भएको छैन एकै कार्यालयमा काम गरेर पनि भेट नहुने युगको उदय भइसकेको छ । परिवार र समाजको परिभाषा नै रूपान्तरणको चरणमा रहेका छन् । सूचनाप्रविधि, व्यापक बसाइसराइ, आर्थिक संरचनामा आएको रूपान्तरण आदिका कारण सृजित यस्ता तमाम नयाँ समस्यालाई समाधान गर्ने क्षमता भएका, संगठन र समाज हाँक्न सक्ने व्यक्ति नै अबको युगका एलिट हुन् ।

सिक्न सक्ने क्षमता र सिक्ने बानी अबको युगको एलिटको दोस्रो विशेषता हो । कुनै समय हुन्थ्यो जहाँ एक जना मानिस एउटा जागिरमा छिरे पश्चात् एक खाले मात्रै काम गरेर सेवा निवृत्त हुन्थे । राजनीति वा समाजसेवामा रहेका व्यक्ति पनि एकै खाले काम गरेर आफ्नो जीवनभर सेवा गर्दथे । माथि उल्लेख गरे झैं रोजगारीमा प्रयोग हुने सीपदेखि प्रविधिसम्म, सामाजिक सम्बन्ध, राज्यको कामको प्रकृति, राज्य र नागरिकको सम्बन्ध हर समय परिवर्तन हुँदै छन् । त्यस्तो अवस्थामा समाजलाई हरबखत उत्पादक राख्न यसलाई नेतृत्व गर्ने एलिटसँग सिक्न सक्ने क्षमता र आचरण आवश्यक हुन्छ ।

संस्थाले आफ्ना हर सदस्य, राज्यले आफ्ना हर निकाय र नागरिकलाई कसरी उत्पादक बनाउन सकिन्छ भन्ने चिन्तन राख्नुपर्दछ । जसले सबैलाई उत्पादक, सृजनशील एवं प्रभावकारी बनाउने उपायलाई बताउन सक्छ र आफ्नो स्थानमा अब्बल भएको प्रमाणित गर्दछ भने अब ऊ नै न्यू एलिट हुने हो । त्यसका लागि ऊसँग कुनै विरासत वा डिग्री आवश्यक छैन । हामी त्यो युग प्रवेशको सँघारमा छौं ।

त्यस्ता एलिट, त्यसमध्ये पनि पावर एलिटसँग सूचनाप्रविधिको युग सुहाउँदो आर्थिक भिजन र लोकतान्त्रिक व्यवस्थाको संस्थागतीकरणको रोडम्याप हुनु आवश्यक हुन्छ । कुनै समय थियो राजनीतिक अधिकारहरूलाई केही समय स्थगन गरेर राज्यको प्रत्यक्ष संरक्षणमा निश्चित वस्तुको व्यापक उत्पादन र बजारीकरणबाट आर्थिक विकास हासिल गर्न सकिन्थ्यो ।

हामीमध्ये धेरैले लोभ गर्ने पूर्वी एसियाका देशहरूले यस्तै गरेका थिए । तर अहिले सूचनाप्रविधि क्षेत्रमा व्यवस्थित वातावरण, पूर्वाधार र जनशक्ति विना संसारभर निर्यात गर्न सकिने वस्तुको उत्पादन असम्भव प्राय: भएको छ । कृषि सामग्रीकै निर्यातमा पनि सुकाउनेदेखि प्याकेजिङसम्म उच्च स्तरको प्रविधि प्रयोग अनिवार्य भएको छ । त्यसैले सूचनाप्रविधिको विकासलाई केन्द्रबिन्दुमा राखेर आर्थिक संरचनालाई बुझ्ने र भिजन प्रस्तुत गर्ने क्षमता अबको युगको एलिट हुन न्यूनतम आवश्यकता हो ।

नेपाल जस्तो विविधताले भरिएको देशमा अहिलेको युगमा लोकतन्त्र भन्दा पृथक् शासन व्यवस्था ज्यादै महँगो देखिन्छ । नेपालले सृजनशील क्षमता भएका जनशक्ति र उनीहरूमा उद्यमशीलता विकास गरेर आर्थिक समृद्धि हासिल गर्ने नीति लिएको अवस्थामा गैर-लोकतान्त्रिक विधि हाम्रो आर्थिक रोडम्यापसँग पनि सुहाउँदैन ।

तसर्थ अर्को व्यवस्था फेर्न खोज्ने होइन, यसलाई क्रमिक रूपमा लोकतान्त्रिक बनाउँदै लैजाने र संस्थागत गर्न आवश्यक आर्थिक, सामाजिक तथा राजनीतिक नीति, योजना, कार्यक्रमको बृहत् प्याकेज प्रस्तुत गर्न सक्ने एलिट नै न्यू पावर एलिट हो र आम नागरिकको नेता पनि । फेरि पनि विगतको पद वा विरासतले मात्रै त्यस्तो प्याकेज दिन सक्दैन । अहिलेको राजनीतिप्रति आम नागरिकको गुनासो वा असहमति पनि त्यही हो ।

खासमा नेपाली समाज, अर्थतन्त्र र राजनीतिक हर क्षेत्र त्यस्ता न्यू एलिटहरूको व्यग्र प्रतीक्षामा छन् जसले विरोधको भाषा कम र समाधान वा सुधारको भाषा धेरै प्रयोग गरून् । उनीहरूको नेतृत्वमा सम्बन्धित संस्थाको आम सुधार र आमूल परिवर्तन गर्न सकिन्छ भन्ने विश्वास सिर्जना गर्न सकून् । जसको भाषा, सोच, आचरण, काम गर्ने क्षमता र पद्धति सो क्षेत्रका विश्व प्रसिद्ध व्यक्तिसँग तुलना गर्दा पनि केही कमि भए जस्तो नहोस् ।

गायक नारायणगोपालले भन्ने गर्नुहुन्थ्यो रे- 'गीत गाउन त बाबु गीतै गाउनुपर्दछ ।' देश बन्न पनि हर क्षेत्रमा नेतृत्व गर्ने व्यक्तिहरूले विश्वस्तरको प्रतिस्पर्धी क्षमता देखाउनुपर्दछ । हामीलाई हर क्षेत्रमा त्यस्ता धेरै एलिटहरूको खाँचो छ । तर अबको युगमा कुन विश्वविद्यालयको डिग्री छ ? कति वर्ष जेल बस्नुभयो ? तपाईं कति ब्याटको अधिकृत अरे ? तपाईं त्यो आयोगमा हुनुहुन्थ्यो कि थिएन रे ? आदि-आदि मात्रैले पुग्दैन । फिल्डमा नै नतिजा देखाउनुपर्दछ- फेरि पनि, लोकतन्त्र र व्यक्तिको स्वतन्त्रतालाई उच्च सम्मान गर्दै ।

*(साभार: अनलाइनखबर)*

# असल स्वास्थ्य नै मानव पूँजी

अच्युतप्रसाद पौडेल "चिन्तन"

विश्व मधुमेह दिवस भर्खरै नोभेम्बर १४ मा मनाइयो । विश्वभरि मधुमेहविरुद्धका नाराहरु धेरै छन् तर यो नियन्त्रणबाहिर छ । कुनैं घर-परिवारमा उच्च रक्तचाप, मधुमेह, दम वा ग्यास्टिक, अल्सर नभएको घर-परिवार भेटिन असहज भएको छ अहिले । कुनै उमेर समूहमा आबद्ध नभएको मधुमेहलगायतका रोगहरु मानिसको जीवनशैली र खानपानकै कारण हुने हो र हिजोआज मानिसहरु बढी अल्छी हुँदै छन्, शारीरिक अभ्यासविनाको जीवन सार्थक नहुने कुरामा आम चिकित्सकहरु पनि अब विश्वस्त भइसकेका छन् ।

स्वस्थ जनशक्ति तयार गर्न पोषणयुक्त खाना आवश्यक हुन्छ । जंकफुड, बट्टाबन्दी खाना, केटाकेटीहरुको खाजा फास्टफुडदेखि बजारमा सजिएका विज्ञापनयुक्त खाना विषाक्त छन् । यसबाट रोगप्रतिरोधी क्षमतामा ह्रास आएको छ । सामान्य रोगमा खाइने परम्परागत हाम्रा जडीबुटीका औषधिले काम गर्न छोडेका छन् र एन्टिबायोटिकको प्रयोग गर्नुपरिरहेको छ । विषादी तरकारी, विषाक्त तेल, अखाद्य मिठाइहरु, दूध, मासु, फलफूल, गेडागुडी, दाल आदिमा अखाद्य वस्तुको प्रयोगले मानव स्वास्थ्य जोखिममा छ । उपभोक्ता संरक्षण कानुन प्रभावकारी छैन । प्रदूषित हावापानी, विकिरणयुक्त पर्यावरणले सबै जीवजन्तुसमेतको स्वास्थ्यमा सबैतिर धावा बोलिरहेको अवस्था छ । जतिसुकै आधुनिक युग भनिए पनि धुवाँ-धूलोबाट आम नेपाली मुक्त छैनन्, शुद्ध पानीको अभाव छ । पानीको मुहान नै शुद्ध छैन ।

जारको पानीमा पनि कीरा भेटिएको र बट्टाबन्दी पेयपदार्थमा स्याउँस्याउँ कीरा हालै भेटिएको हो । शिक्षा र स्वास्थ्यमा गरिएको लगानी लगभग खेर गएको छ । निजी अस्पतालहरु पनि सर्वसाधारणको विरोधबाट टाढा छैनन्, विशेषज्ञ सेवा विज्ञापनमा मात्र सीमित छ । वैकल्पिक उपचार सेवा योग र आयुर्वेदिक सेवाले मानवको मन जित्न सकेको छैन । सबैतिर अस्पताल विकास समितिहरु छन्, स्वास्थ्यसम्बन्धी व्यावसायिक परिषद्हरु छन्, ती सक्षम र जवाफदेही बन्न सकेनन् । ज्येष्ठ नागरिकको स्वास्थ्य र सुरक्षामा राज्यले पर्याप्त ध्यान दिन सकेन, कुपोषणलाई न्यूनीकरण गर्न सकिएन । नाना, खाना, छानाले सताएको नेपाली परिवेशलाई भोलिको चिन्ताभन्दा आज र अहिलेकै चिन्ताले बढी सताएको छ ।

औषधि उत्पादनमा देश आत्मनिर्भर भएन, महँगा औषधि र उपकरण खरिद गर्दैमा धेरै रकम विदेशिएको छ र मुलुक उच्च व्यापार घाटामा छ । आयुर्वेदका संस्थाहरु पनि बढी राजनीतिको छायामा परे, भएका उत्पादनमुखी उद्योगहरु लोकतन्त्रको बक्री छायामा परे, बिकाउमा परे । सानो जीव लामखुट्टे नियन्त्रण गर्न नसक्ने भयौं हामी र भर्खरै दर्जन बढीको मृत्यु भएको छ, डिंगु नाम दिइयो यसलाई । जलवायु परिवर्तनको असर भनियो, पहिले यस्ता परजीवी नपुग्ने हिमाली क्षेत्र पनि अब बिस्तारै आक्रामक बन्न पुग्यो । कोरोना त अन्तर्राष्ट्रिय नै भइदियो, सबैजसोलाई सोत्तर बनायो ।

सबै क्षेत्रको सूचक सुधार गरी सहस्राब्दी विकास लक्ष्य पूरा गर्न हम्मेहम्मे छ, दिगो विकासको लक्ष्य त खोइ के होला । सम्पूर्णमा मानव स्वास्थ्य राम्रो नभई अन्य सूचकहरुको कुनै अर्थ रहँदैन । ऊर्जा, कृषि, पर्यटन, उद्योग, व्यापार, शिक्षा, खोनपानी, सडक, यातायातजस्ता समग्र पूर्वाधार मानव जीवन भनौं स्वास्थ्यकै लागि हो । मानव स्वास्थ्य मानव पुँजीविना कुनै देश उँभो लाग्नै सक्तैन । संसारका धेरै देशमा नेपालीहरु उच्च जोखिममा विवशतापूर्वक रोजगारीमा लाग्नुपर्ने अवस्थाले स्वदेश फर्केकाहरुबाट अनेकानेक रोगहरु भित्रिन सक्ने अवस्थालाई पनि इन्कार गर्न सकिन्न ।

हाल देश सोह्रौं योजनामा गइसक्दा पनि हाम्रो विकासलक्ष्य पूरै अधुरो छ । भएका पूर्वाधारहरुलाई बाढी र पहिरोले सखाप पारेको छ । विगतका योजनाहरुले पनि मानव स्वास्थ्यबारे धेरै बोले । तेह्रौं, चौधौं र पन्ध्रौं योजनाले पनि आधारभूत स्वास्थ्य सेवामा सर्वसाधारणको पहुँच वृद्धि गर्ने लक्ष्य लिएको हो । अहिलेकै प्रधानमन्त्रीले एकसाथ स्वास्थ्य संस्थाहरुको उद्घाटन गरेका हुन् तर अनुत्पादक भ्यूटावरहरु, प्रशासनिक, राजनीतिक भ्रष्टाचार काण्डहरु सगरमाथाझैँ ठडिए, मानवहितको जनशक्ति र संस्थाहरुले काँचुली फेर्न सकेनन्, गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराइने नीति कागजमा सीमित छ, निजी क्षेत्रकाहरुले बरु ब्रह्मलुट गरे ।

देशले केही वर्षयतादेखि स्वास्थ्य बिमा लागु गरेको छ, तर सेवा-सुविधा राम्रो नहुँदा बिमितहरुले निराश भई बिमा नवीकरण नै नगरेको अवस्था छ । चिकित्सक सेवा उपलब्ध नहुने, भनेको औषधि नपाइने, पाइए पनि औषधिमा गुणस्तरको अभाव रहेको व्यापक गुनासो छ । जहाँबाट बिमा गरियो त्यहाँ त्यो क्षेत्रमा बिरामी उपचार सहज नभएको, पूर्वाधारको अभाव भएको, रेफर गरेर अन्यत्र जाँदा समय खेर जाने भएकाले बिमासम्बन्धी नीति नै व्यावहारिक नभएको जनधारणा छ ।

सबै किसिमका औषधि नपाइनु र फेरि थप खर्च गरेर निजी ओषधि पसलहरुमा जान बाध्य परेको अवस्था छ । बिमा गरीकन पनि अतिरिक्त १० प्रतिशत महसुल लगाइएको छ, अब बिमाको के अर्थ रहन्छ यसो भएपछि ? अस्पालहरुमा बिमा दाबी सहज छैन र धेरै समय कुर्नुपर्छ । सवा सय वर्षअघिदेखि बिरामीले पाई आएको भात, खाजा वीर अस्पतालमा कटौती भयो, अदालतमा मुद्दा गएपछि दिने भनियो । यसले पुष्टि गर्छ, हाम्रो लोकतन्त्र व्यापारिक छ ।

देशमा केही वर्षयतादेखि नर्सिङ जनशक्तिमा कमी आएको छ, भएको धेरै जनशक्ति विदेश पोखिएको छ । हाल विश्वमा जम्माजम्मी २ करोड ९० लाख नर्सहरु छन् र १ करोड २७ लाख चिकित्सकहरु । १ करोड ४९ लाख अन्य स्वास्थ्यकर्मीहरु छन् भने ३७ लाख फार्मेसिस्ट, २५ लाख दन्त चिकित्सक र २२ लाख मिड वाइफहरु छन् । समग्रमा हाल विश्वमा ६ करोड ५० लाख बढी स्वास्थ्यकर्मीहरु रहेको तथ्यांक छ । आगामी सन् २०३० सम्ममा विश्वले यो संख्यालाई बढाएर ८ करोड ४ लाखमा पुऱ्याउनेछ । हाल ५५ देशमा स्वास्थ्यकर्मीहरुको जनशक्ति कम छ, त्यसमा उच्च कमी हाम्रो देशमा छ ।

स्टेट अफ नर्सिङ वर्ल्डका अनुसार अमेरिका, युरोप, एसिया प्रशान्त क्षेत्रमै मात्र करिब ८१ प्रतिशत नर्सहरु कार्यरत छन् । अफ्रिकी देशहरुमा प्रति १० हजार जनसंख्यामा ९ जना मात्रै नर्सहरु रहेको तथ्यांक छ । हाम्रो मेडिकल काउन्सिलको तथ्यांकमा केही वर्षअघिसम्म जम्मा १० हजार ८० जना विशेषज्ञ चिकित्सक, ३२ हजार २१८ जना एमबीबीएस र बीडीएस गरी ४२ हजार चिकित्सक रहेका छन् भने विशेषज्ञ नर्सहरुको संख्या १ हजार ३२६ र नर्स संख्या ७३ हजार ५१४ रहेको छ ।

त्यस्तै ३७ हजार १४० अनमि र ८४८ जना विदेशी नर्स रहेको तथ्यांक छ । समग्रमा चिकित्सक, नर्स, मिडवाइफ गरी १ लाख ५५ हजार १७७ जना स्वास्थ्यकर्मीहरु रहेका छन् । विश्व स्वास्थ्य संगठनले नेपालको जनसंख्याअनुसार यो निकै कम हो भनेको छ । औसत आवश्यकताभन्दा धेरै नै कमी हुने देश नेपाल, बंगलादेश आदि ५५ देशहरुमा स्वास्थ्यकर्मीको अभाव छ । स्वास्थ्य क्षेत्रका जनशक्तिको कमीले सन् २०३० को स्वास्थ्य लक्ष्य पूरा नहुने पनि भनेको छ । अफ्रिकाको अर्थतन्त्र त बलियो छ तर त्यहाँ पनि स्वास्यकर्मीको कमी छ । यी देशहरुमध्ये पनि अँगोला, क्यामरुन, चाड, बुर्किनाफासो, नाइजेरिया, कंगो रुवाण्डामा धेरै कम छन् स्वास्थ्यकर्मीहरु । प्रति १० हजार जनसंख्यामा ४९ जना स्वास्थ्यकर्मीहरु हुनुपर्ने मान्यता भए पनि यसो नभएको विश्व स्वास्थ्य संगठनको भनाइ छ । गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचबाट स्वस्थ र सबल नागरिक तयार गरी मानव पूँजी निर्माण गर्नु देशको परम लक्ष्य हुनुपर्छ ।

सबै नागरिकले सुलभ आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने वातावरण तय हुनुपर्छ । ठूला सरकारी अस्पतालहरुमा बिरामीहरुको चाप धेरै छ । सबै वर्ग, क्षेत्र, समुदाय, समूहले नागरिकको मौलिक हक अधिकारको प्रत्याभूति हुने अवस्था सिर्जना हुन सकेन । भनिन्छ, हाम्रो देशमा स्वास्थ्य सेवा सर्वसुलभ छैन, सरकारी अस्पतालमा गुणस्तरीयता छैन । अनेकौं स्वास्थ्य संस्थाहरु निजी क्षेत्रमा प्रतिस्पर्धी छन्, जुन अति महँगा भएकाले सर्वसाधारणको पहुँचबाहिर छ र भन्नै पर्छ स्वस्थ जनशक्ति तयार गर्ने राज्यको सपना अधुरो छ । शारीरिक र मानसिक विकलांगको अवस्था जटिल बन्दै छ । यातायात सेवाले निम्त्याएका दुर्घटना, सवारी चालकहरुबाट हुने लापरबाही, प्राकृतिक विपत्तिसमेतले मानव स्वास्थ्यमा जटिलता थपेको छ । कच्ची बाटाघाटा, भूस्खलन, बाढी, पहिरो, हिमपात, भूकम्प, हावाहुरीजस्ता विनाशकारी परिवेशले मानव स्वास्थ्य थप जोखिममा छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# किन कार्यान्वयनमा आएन नेपाल-चीन पारस्परिक कानुनी सहायता सन्धि ?




काठमाडौं/चिनियाँ राष्ट्रपति सी जिनपिङ पाँच वर्षअघि नेपाल भ्रमणमा आउँदा दुई देशबीच सुपुर्दगी सन्धिमा हस्ताक्षर गर्ने गरी गृहकार्य भइरहेको थियो । तर, २३ वर्षपछि हुन लागेको चिनियाँ राष्ट्रपतिको नेपाल भ्रमणाको पूर्वसन्ध्यामा एकाएक सुपुर्दगी सन्धिको विषय एजेण्डाबाट हट्यो । सी नेतृत्वको चिनियाँ प्रतिनिधिमण्डलसँग पारस्परिक कानुनी सहायतासम्बन्धी सन्धि मात्र हस्ताक्षर भयो ।

२५ असोज २०७६ मा नेपाली र चिनियाँ प्रतिनिधि मण्डलबीच १८ बुँदे सम्झौतामा हस्ताक्षर भएको थियो । काठमाडौंमा भएको सम्झौताको तेस्रो बुँदामा 'अपराधिक विषयहरुमा पारस्परिक कानुनी सहायताबारे नेपाल र जनगणतन्त्र चीनबीचको सन्धि' बारे उल्लेख थियो ।

एकअर्काको देशमा हुने अपराध अनुसन्धानमा सहयोग पुग्ने गरी यो सम्झौता गरिएको त्यसबेलाका सरकारी अधिकारीहरुले बताएका थिए । तर, चिनियाँ राष्ट्रपति सी र प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थितिबीच यो सन्धि भएको ५ वर्ष बितिसक्दा पनि कार्यान्वयनमा आउन सकेको छैन ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका अधिकारीहरुका अनुसार, यो सन्धि पूर्णत: कार्यान्वयनमा आउनका लागि संसदबाट अनुमोदन हुनुपर्थ्यो । 'मन्त्रिपरिषद्ले निर्णय गरेर संसद् पनि पठाएको थियो, तर त्यहीं अलपत्र पर्‍यो', मन्त्रालयका एक अधिकारीले भने ।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार, सरकारले नेपाल-चीन पारस्परिक कानुनी सहायता सन्धि प्रतिनिधि सभाको अघिल्लो कार्यकालमा दर्ता गरेको थियो । 'तर, संसदबाट त्यस विषयमा छलफल भएर अघि बढेको जस्तो मलाई लाग्दैन', उनले संचारकर्मीसँग भने । अधिकारीहरुका अनुसार, संसद् विघटन र पछि सरकार परिवर्तनसँगै पारस्परिक कानुनी सहायता सम्बन्धी सम्झौता अलपत्र परेको थियो ।

### भूराजनीतिक कारण

जानकारहरुका अनुसार, पारस्परिक कानुनी सहायतासम्बन्धी सन्धि यस्तो सम्झौता हो, जसले अन्तरदेशीय अपराधविरुद्ध गरिने कारबाही र अनुसन्धानका क्रममा चाहिने सूचनालाई एकीकृत गर्न सहयोग गर्छ । कानुन मन्त्रालयका अधिकारीहरु यसलाई अन्तरदेशीय अपराध अनुसन्धानमा सबुत, प्रमाण संकलन गर्ने समझदारीको रुपमा अर्थ्याउँछन् ।

तर, पारस्परिक कानुनी सहायता भनिए पनि यसको धारा १२ मा हिरासतमा भएका व्यक्तिलाई पनि अनुसन्धानका लागि अस्थायी रुपमा हस्तान्तरण गर्न सकिने विवरण उल्लेख भएपछि अनुमोदनमा कठिनाइ देखिएको कतिपय जानकारहरु बताउँछन् । यस्तोमा सन्धि कार्यान्वयनमा आउनुमा आन्तरिक मात्र नभइ बाह्य कारणले पनि भूमिका खेलेको जानकारहरुको भनाइ छ ।

नेपालमा रहेर तिब्बती शरणार्थीहरु चीनविरुद्धको गतिविधिमा संलग्न हुने गरेको चिनियाँ अधिकारीहरुको आरोप रहँदै आएको छ । त्यसैले नेपालसँग सुपुर्दगी सन्धि गरेर उनीहरुलाई आफ्नो मुलुकमा लैजाने कानुनी बाटो खोल्न खोजिएको कतिपय पश्चिमा राष्ट्रहरुको शंका छ ।

जानकार स्रोतहरुका अनुसार, चिनियाँ राष्ट्रपति जिनपिङको नेपाल भ्रमणको पूर्वसन्ध्यामा अमेरिकी संसद्को वैदेशिक मामिला समितिले सुपुर्दगी सन्धि नगर्न भन्दै प्रधानमन्त्री ओलीलाई पत्र लेखेको थियो ।

तिब्बती शरणार्थीबारे चासो राख्दै अमेरिकाको दबाब आएपछि सुपुर्दगी सन्धिमा 'थप गृहकार्य गर्नुपर्ने' भन्दै सरकार पछि हटेको स्रोत बताउँछ । यद्यपि, पारस्परिक कानुनी सहायतामा समेत हिरासतमा भएका व्यक्तिलाई हस्तान्तरण गर्न सकिने प्रावधान समेटिएपछि अघि बढ्न नसकेको कतिपयको बुझाइ छ ।

परराष्ट्र मामिलाकी जानकार डा. इन्द्र अधिकारी भने पर्याप्त छलफल र समन्वयविना नै समझदारी गरिएकाले यो सन्धि कार्यान्वयनमा जान नसकेको बताउँछिन् । 'यो सन्धि गर्दा के फाइदा हुन्छ ? दुई पक्षीय हितका कुरा यसले कसरी संरक्षण गर्छ ? जस्ता विषयमा पहिले छलफल नै भएनन्', उनले भनिन्, 'चिनियाँ राष्ट्रपति आएका बेला गरिहालौं भन्ने हिसाबले मात्र अघि बढ्दा यसको कार्यान्वयनमा समस्या देखिएको हो ।'

दुई देशसँग जोडिएको दूरगामी महत्व रहने विषयमा अन्य राजनीतिक दलसँग समेत छलफल गरेर अघि बढ्नुपर्नेमा त्यसो हुन नसक्दा अरु दलहरुले अपनत्व नलिएको उनको बुझाइ छ । 'सरकार पाँचै वर्ष एउटै व्यक्ति वा दलको नेतृत्वमा भइरहने परिस्थिति पनि थिएन, यस्तोमा झन् अन्य दलसँग पनि छलफल आवश्यक हुन्थ्यो', उनी थप्छिन् ।

यो सन्धि अघि बढ्नुमा अर्को एउटा घटना पनि जोडिएको कतिपयको शंका छ । नेपालस्थित चिनियाँ दूतावासको सहकार्यमा प्रहरीले ७ पुस २०७६ मा 'अपरेशन चार्ली फोक्सटर' चलाएर १२२ चिनियाँ नागरिकलाई काठमाडौंबाट नियन्त्रणमा लिएको थियो ।

हालसम्मकै सबैभन्दा ठूलो संख्यामा चिनियाँ नागरिकलाई गिरफ्तार गर्दा प्रहरीले सुरुमा उनीहरु नेपालमा बसेर तेस्रो मुलुकमा साइबर अपराध गरिरहेको बताएको थियो । तर, पछि उनीहरुलाई अभद्र व्यवहारको सामान्य कसुरमा मुद्दा चलाएर एक हजार रुपैयाँ धरौटीमा छाड्दै डिपोर्ट गरियो ।

यो प्रकरणपछि नेपाल-चीन सन्धिमा अन्य मुलुकको चासो थप बढेको जानकारहरुको भनाइ छ । गृह मन्त्रालयमा लामो समय काम गरेका एक अधिकारी भन्छन्, 'पहिले सुपुर्दगी सन्धि गरेर औपचारिक रुपमै यस्ता अपराधमा संलग्नलाई लैजाने चीनको प्रयास थियो नभएपछि सरकारले डिपोर्ट गर्ने बाटोबाट १२२ जनालाई फिर्ता पठाइदियो ।'

यस्ता गतिविधिले झनै संशय पैदा गरिदिएको सरकारी अधिकारीहरु बताउँछन् । 'त्यसयता नेपाल-चीन सन्धिलाई रोक्न प्रयास भइरह्यो', ती अधिकारी भन्छन् । राष्ट्रिय अनुसन्धान विभागका पूर्वप्रमुख देवीराम शर्मा नेपालले आफ्नो स्वार्थ समेत गरेर छिमेकीहरुको सुरक्षा चासोलाई सम्बोधन हुने गरी सबै मुलुकसँग सुपुर्दगी सन्धि गर्नुपर्ने बताउँछन् । 'तर, सम्बन्धमा नै असर गर्ने गरी कुनै एक मुलुकसँग मात्र सम्झौता गर्नु हुँदैन', उनी भन्छन् ।

### भारतीय इच्छा

अहिले भारतसहितका केही मुलुकसँग सुरक्षा संयन्त्रले सुपुर्दगी सन्धिविनै पनि अनौपचारिक तहमा कसुरदारलाई गोप्य रुपमा हस्तान्तरण गरिरहेका छन् । सुपुर्दगी सन्धि नहुँदा 'अवैध रुपमा भइरहेको यो कामले जुनसुकै बेला अफ्ठ्यारोमा परिनसक्ने' सुरक्षा अधिकृतहरुको चिन्ता छ । भारतले पनि नेपालसँग सुपुर्दगी सन्धि गर्न लामो समयदेखि प्रस्ताव राख्दै आएको छ ।

नेपाली भूमिमार्फत पाकिस्तानी नागरिकले आफ्नो मुलुकविरुद्ध गतिविधि गर्ने गरेको भारतको आशंका छ । यस्तोमा भारतले हरेक उच्चस्तरीय भ्रमणमा सुपुर्दगी सन्धि गर्ने प्रस्ताव राख्दै आएको छ । २०६० सालमा नेपाल र भारतबीच सचिवस्तरमा सुपुर्दगी सन्धि गर्ने गरी हस्ताक्षर पनि भएको थियो । तर, मन्त्रिपरिषद्ले स्वीकृत गरेन । २०६३ सालमा पनि तत्कालीन गृहमन्त्री कृष्णप्रसाद सिटौलाले सन्धिमा हस्ताक्षर गर्न खोज्दा माओवादीको विरोधपछि रोकिएको थियो ।

पूर्वपरराष्ट्रमन्त्री प्रदीप ज्ञवाली पनि भारतसँग सुपुर्दगी सन्धि गर्न खाकासमेत तयार गरिएपनि केही विषयमा सहमति हुन नसकेको बताउँछन् । 'त्यतिबेला सरकारले अन्तरदेशीय अपराधविरुद्ध लड्न आवश्यकता अनुसार विभिन्न मुलुकसँग क्रमश: पारस्परिक कानुनी सहायता र सुपुर्दगी सन्धि गर्दै जाने नीति लिएको थियो', सीको नेपाल भ्रमणका बेला परराष्ट्रमन्त्री रहेका ज्ञवालीले संचारकर्मीसँग भने, 'भारतसँग केही विषयमा सहमति रहेन । चीनसँग कानुनी सहायतासम्बन्धी सन्धि गरेर संसदमा लगेका थियौं ।'

उच्च सुरक्षा स्रोतका अनुसार, सुपुर्दगी सन्धिमार्फत भारतीय नागरिकलाई हस्तान्तरण गर्न नेपाललाई समस्या छैन । औपचारिक रुपमा त्यो हुँदै पनि आएको छ । तर, भारतले सन्धिमार्फत नै तेस्रो मुलुकका व्यक्तिलाई पनि लैजान प्रस्ताव गरेपछि नेपाल सहमत हुन नसकेको सुरक्षा सम्बद्ध अधिकृतहरु बताउँछन् ।

नेपाल प्रहरीका एक उच्च अधिकृतले भने, 'भारतीय पक्षबाट सुपुर्दगीका क्रममा अदालतमा हुने बहसमा आफ्नो मुलुकको कानुन व्यवसायीले बहस गर्न पाउनुपर्ने प्रस्तावसमेत गरेका थिए ।' प्रतिआतंकवाद मामलाका जानकार नारायण अधिकारी भने भारत, चीन वा जुनसुकै मुलुकसँग सुपुर्दगी सन्धि गर्दा अन्तर्राष्ट्रिय मानवअधिकार प्रतिबद्धतालाई ध्यानमा राख्नुपर्ने बताउँछन् ।

'चीन र भारतको कुरा गर्दै जाँदा अमेरिका, दुबई लगायतका मुलुकसँग पनि सुपुर्दगी गर्नुपर्ने प्रस्ताव आउनसक्छ', उनले भने, 'यस्तोमा अन्तर्राष्ट्रिय मानवअधिकार उल्लंघन नहोस् भन्नेमा सजगता अपनाउनुपर्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# 'ह्रस्व दीर्घ'ले नघायो साढे ३ करोडको आँकडा




काठमाडौं/दशैं र तिहारमा निकै गर्माएको नेपाली फिल्मको बजार शुक्रबारबाट प्रदर्शनमा आएको फिल्म 'ह्रस्व दीर्घ'ले पनि तताएको छ । कम शोका बाबजूद पनि उत्साहप्रद ओपनिङ गरेको फिल्मले शुक्रबार ८० लाख कमाएको थियो । शनिबार व्यापारमा झनै उछाल देखियो । प्राप्त अधिकांश शो हाउसफुल हुँदा १ करोड २० लाख ग्रस कमाई भयो । दुई दिनमै व्यापार २ करोड पुगेको थियो ।

आइतबार पनि फिल्मले राम्रो अंक (७५ लाख) जोड्यो । त्यस्तै, सोमबार ९० लाख कमाई भएको छ । सोमबार अचानक सरकारले पूर्वसभामुख दमननाथ ढुंगानाको निधनको शोकमा सार्वजनिक विदा दिएपछि कार्यालय पुगेका धेरै कर्मचारीहरु हलतिर मोडिँदा फिल्मको व्यापारमा ठूलो फाइदा पुगेको थियो । सोमबारसम्म फिल्मले कूल ३ करोड ६५ लाख कमाएको वितरक मनोज राठीले जनाएका छन् । यो अंकलाई उत्साहप्रद मान्न सकिन्छ ।

मंगलबार पनि फिल्मको व्यापारमा ठूलो गिरावट आएको छैन । बिहान ११ बजेदेखि मध्यान्हसम्म प्राप्त प्राय: शोमा ५० प्रतिशतसम्म अकुपेन्सी देखिएको थियो । रात्रिकालिन शोमा अकुपेन्सी दर केही बढेको छ । तर, 'पूर्ण बहादुरको सारङ्गी'मा दर्शकको उछाल कम नहुँदा 'ह्रस्व दीर्घ'को शो बढ्न सकेको छैन । जसले गर्दा फिल्मलाई लगानी उठाउन अझै केही समय संघर्ष गर्नुपर्ने देखिन्छ ।

'ह्रस्व दीर्घ'को प्रवर्द्धनका लागि आइतबार भारतीय कलाकार प्रदीप रावत (गजनी भिलेन) समेत नेपाल आएका छन् । सोमबारबाट काठमाडौंका विभिन्न हल पुगेर उनले दर्शकहरुसँग साक्षात्कार गरिरहेका छन् । उनी बुधबार नेपालगञ्ज जाने कार्यक्रम छ । उनी उतैबाट स्वदेश फर्किनेछन् । फिल्ममा उनले अभिनेत्री नीता ढुंगानाको बुबाको भूमिका निभाएका छन् ।

चन्द्र पन्तको निर्देशनमा तयार भएको फिल्ममा नेपाली र भारतीय कलाकारहरुको 'पल्टन' नै छ । यसमा भारतबाट प्रदीपसहित ब्रह्मानन्दम, सुनिल बर्मा, अली र कबीर दुहन सिंह जोडिएका छन् भने नपाली कलाकारहरु विपना थापा, नीता ढुंगाना, हरिहर अधिकारी, रेखा थापा, सञ्चिता लुइँटेल लगायतको अभिनय छ । यो फिल्मलाई बलिउड छायाँकार कवीरलालले खिचेका हुन् ।

### "जपिँदैन हरि" गीत रिलिज

मंगलबार प्रदर्शनको पाँचौं दिनमा रहेको 'ह्रस्व दीर्घ'को नयाँ गीत सार्वजनिक गरिएको छ । 'जपिँदैन हरि' बोलको प्रेमभावयुक्त गीतमा केतन क्षेत्री र मेनुका पौडेलको युगल गायन छ भने प्रतिक पौडेलको शब्द रचना तथा संगीत छ । गीतमा नीता ढुंगाना, हरिहर अधिकारी र सरोज खनालसहितका कलाकारहरु प्रस्तुत छन् । नीता र हरिहर रोमान्टिक देखिएका छन् । गीतमा समावेश 'जपिँदैन हरि मनमा पिर नपरी, चखेवाका दुई चरी' भन्ने अंश कर्णप्रिय छ ।

# किन आमाको रोलमा बढी देखिन्छिन् वर्षा ?



काठमाडौं/प्राय: अभिनेत्रीहरु करिअरको सुरुवाती समयमा आमाको रोल गर्न हम्मेसी चाहँदैनन् । यो रोल गरेपछि सहायक भूमिकामा सीमित हुनुपर्छ, हिरोइन भएर काम गर्न पाइँदैन भन्ने भय धेरैलाई हुन्छ । तर, अभिनेत्री वर्षा राउत यो मामलामा अलग देखिन्छिन् । उनले दोस्रो फिल्म 'छक्का पञ्जा'मा नै आमाको भूमिका निभाएकी थिइन् । 'जात्रा' श्रृंखलामा त दुई सन्तानकी आमा भइसकेकी छन् ।

यही शुक्रबारबाट प्रदर्शनमा आउन लागेको फिल्म 'तेल भिसा'मा पनि उनी आमाको भूमिकामा देखिँदैछिन् । ट्रेलरमा उनलाई गर्भवती अवस्थामा देख्न सकिन्छ । आखिर एकपछि अर्को फिल्ममा उनी आमाको भूमिकामा किन देखिरहेकी छन् ? उनलाई लाग्छ, यो 'छक्का पञ्जा' र 'जात्रा' श्रृंखलामा गरेको चरित्रको प्रभाव हो ।

'यो विषयमा सबैको आ-आफ्नो विचार हुन्छ । कसैलाई हिरोइन भएर मात्र अगाडि बढ्न मन लाग्छ । मेरो हकमा चाहिँ मैले दोस्रो फिल्म 'छक्का पञ्जा'मा नै आमाको रोल गरेकी थिएँ । 'जात्रा' श्रृंखलामा त आमाकै भूमिकामा छु,' उनी भन्छिन्, 'मलाई 'छक्का पञ्जा' र 'जात्रा'मा दर्शकले त्यो क्यारेक्टरमा रुचाइ दिनुभयो । त्यसैले मलाई फिल्मको अफर पनि त्यही हिसाबले आउन थाल्यो ।' एउटा विन्दूमा भने वर्षालाई आमाको भूमिका मात्र किन अफर आइरहेको होला भन्ने लागेको रहेछ । तर, अहिले सोच्दा राम्रै भएछ भन्ने उनलाई लाग्छ । भन्छिन्, 'म यहाँ कलाकार हुन आएकी हुँ । मलाई हिरोइन नै बन्नुपर्छ, बारीमा सल उडाउनुपर्छ भनेर कहिल्यै लोभ लागेको थिएन र छैन पनि । मलाई स्क्रिप्ट र टिम चित्त बुझेको छ भने म काम गर्छु ।'

अमेरिकामा 'तेल भिसा'को छायांकनको क्रममा उनले गर्भवती देखिन घन्टौंसम्म पेटमा बेली लगाउनुपरेको थियो । त्यो क्षण एकदमै गाह्रो रहेको उनको अनुभव छ । 'मलाई गर्भवती भएर काम गर्न एकदमै गाह्रो भएको थियो । मैले बेली लगाएर हिँड्नुपर्ने थियो । ८/१० घन्टासम्म बेली लगाएर बस्नुपर्थ्यो,' उनी भन्छिन्, 'मजाको पार्ट चाहिँ के थियो भने 'आउटडोर'मा छायांकन हुँदा अमेरिकाका व्यक्तिहरुले मलाई बधाई दिन्थे । म पनि धन्यवाद भन्थेँ । त्यो फाइदा चाहिँ मैले मजाले उठाएँ (हाँस्दै) ।'

यो फिल्ममा वर्षाले अभिनेता विपिन कार्कीको श्रीमती भएर अभिनय गरेकी छन् । 'जात्रा' श्रृंखलामा पनि उनी विपिनकै श्रीमतीको भूमिकामा देखिँदै आइरहेकी छन् । 'तेल भिसा'मा विपिन बाबु र छोराको गरी दोहोरो भूमिकामा छन् । शंकर घिमिरेको निर्देशनमा बनेको फिल्मले छोराको सन्तान हुन लागेपछि नेपालबाट अमेरिका गएकी एक आमाले बेहोर्नुपरेको कानुनी झमेलाको कथा भन्छ ।

# एनपीएलका लागि तयार हुँदैछ त्रिवि मैदान, के-के थपिए सुविधा ?



काठमाडौं/१५ मंसिरदेखि हुने नेपाल प्रिमियर लिग (एनपीएल) का लागि अहिले कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदान धमाधम स्तरोन्नतिको काम भइरहेको छ । एनपीएलमा खेलाडी र खेल हेर्ने दर्शकका लागि नयाँपन महसुस हुने गरी मैदान स्तरोन्नति गरिरहेको नेपाल क्रिकेट संघ (क्यान)ले जानकारी दिएको छ । प्रवक्ता छुम्बी लामाका अनुसार त्रिवि क्रिकेट मैदानको स्तरोन्नति अन्तिम चरणमा पुगेको छ ।

'क्रिकेटमा महत्वपूर्ण भनेको पिच हो, ८ वटा पिचलाई बंगलादेशी एक्सपर्ट क्युरेटरको सहायतामा राम्रो बनाएका छौं', उनले भने, 'क्यानले मैदानको आउटफिल्डदेखि सबै कुरामा काम गरिरहेको छ ।' पहिलो पटक डिजिटल स्कोर बोर्डको निर्माण र छुट्टै फ्यान जोन नयाँ विशेषताको रुपमा रहेको छ । यस्तै पिचको पूनर्निर्माण गरिएको छ भने मैदानमा बाउण्ड्री पनि बढाइएको छ । दर्शकहरूका लागि भीआईपी टिकट, भीभीआईपी लाउन्ज र ओनर्स लाउन्ज पनि निर्माण हुँदैछ । त्यस्तै फिक्स्ड साइड स्क्रिन, मिडिया बक्स, प्राक्टिस पिच आदि पनि बनाइएको छ ।

### पिच निर्माणमा मिहिनेत

यसपटक विशेषगरी पिचको विकेटलाई राम्रोसँग तयार पारिएको लामाले बताए । 'लामो समयदेखि विकेटको मेन्टेन भएको थिएन । यसपालि असाध्यै समय लिएर एक्सपर्ट थपेर पिच तयार पारिएको छ । पिचले राम्रो बिहेभ गर्छ भन्ने हामीले बुझेका छौं', उनले भने । यस्तै मैदानको आउटफिल्ड पनि राम्रो बनेको र बाउण्ड्री पहिले भन्दा ३/४ फिट बढाइएको उनले बताए ।

### दर्शकको लागि सुविधा

दर्शकका लागि सिट नभएको त्रिवि क्रिकेट मैदानमा महत्वपूर्ण खेल हुँदा अत्यधिक दर्शक व्यवस्थापन चुनौतीका रुपमा रहँदै आएको छ । यसपटक क्यानले दर्शकका लागि जोन छुट्याएर निश्चित संख्यामा मात्र राख्ने भएको छ ।

'६-७ वटा जोनहरू छुट्याएका छौं । जुन जोनबाट इन्ट्री भयो त्यहीँबाट एक्जिट हुनुपर्छ' प्रवक्ता लामाले भने, 'महिला र पुरुष दर्शकका लागि अलग अलग बाथरुम पनि बनाउनेछौं ।' क्यानले विशिष्ट दर्शकका लागि भीआईपी टिकटको पनि व्यवस्था गर्ने भएको छ । 'भीआईपी दर्शकका लागि अस्थायी प्यारापिट निर्माण पनि अन्तिम चरणमा पुगेको छ', लामाले भने । यसअघि भीभीआईपी बस्ने ठाउँमा अब मिडिया बक्स रहनेछ । यस्तै टिम ओनरका लागि ओनर लाउन्ज र भीभीआईपी लाउन्जहरू पनि निर्माण भइरहेको छ । 'एनपीएल आफैँमा ब्राण्ड बनेको जस्तो लाग्छ । यसलाई भव्य बनाउन क्यान लागिरहेको छ', उनले भने ।

सबै क्षेत्रको काम अन्तिम चरणमा पुगेको लामाले बताए । 'सबै जोन निर्माणको अन्तिम चरणमा छौं । भीआईपी टिकटको कता बस्ने, ओनरहरू कता बस्ने, खेल हुँदा नेक्स्ट वेटिङ टिम कता बस्ने, भीभीआईपी कता बस्ने सबै निर्माण हुँदैछ । केही दिनमा सबै कुरा फिक्स हुनेछ', उनले भने । एनपीएलका लागि टिकटको मूल्य भने अहिलेसम्म तोकिएको छैन ।

### डिजिटल स्कोरबोर्ड तयार

यसपटक एनपीएलमा पनि डिजिटल स्कोरबोर्ड राखिने छ । त्रिवि क्रिकेट मैदानमा मात्र नभई नेपालमै पहिलोपटक क्रिकेटको डिजिटल स्कोरबोर्ड बन्न लागेको क्यानका प्रवक्ता लामाले बताए । 'डिजिटल स्कोरबोर्ड अन्तिम चरणमा छ', उनले भने, 'हामी एनपीएलमा देख्न पाउनेछौं । त्यसैले दर्शकहरू उत्साहित छन् र उनीहरूले राम्रोसँग स्कोरबोर्डमा पनि हेर्न पाउनेछन् ।' त्रिविमा फ्लडलाइट अत्यावश्यक बनेको छ । फ्लडलाइट नहुँदा रातिमा खेल गराउन सकिएको छैन । गत ३१ असारमा केपी शर्मा ओली नेतृत्वको मन्त्रिपरिषदको पहिलो बैठकले ३०० दिनभित्र त्रिवि मैदानलाई सुविधासम्पन्न बनाउने निर्णय गरेको थियो ।

'शहरी विकास मन्त्रालयले टीयू क्रिकेट मैदानको कामको लागि फिजिबिलिटी स्टडी र डीपीआरको काम भइरहेको छ र अन्य विदेशी रंगशालाहरू निरीक्षण गरिरहेको छ भन्ने आएको छ' प्रवक्ता लामाले भने, 'क्यानले दीर्घकालीन रुपमा कुनै पनि स्ट्रक्चर बनाउने छैन ।' अहिले भइरहेको सबै काम एनपीएलका लागि केन्द्रित भएको उनले बताए ।

### यसरी बनेको थियो त्रिवि मैदान

अन्तर्राष्ट्रिय क्रिकेट परिषद (आईसीसी) ले सन् १९८८ मा नेपाललाई एसोसिएट सदस्यता दिएपछि अन्तर्राष्ट्रिय प्रतियोगिता गराउन नेपालमा मैदानको अभाव खट्किएको थियो । सन् १९९८ मा नेपालले एसीसी ट्रफी आयोजना गर्ने अवसर पायो । तर प्रतियोगिता गराउन अन्तर्राष्ट्रिय स्तरको मैदान बनाउनुपर्ने चुनौती थियो ।

यसबीचमा सन् १९९६ मा क्यानले भारतको जी-स्पोर्टस कम्पनीसँग मैदान बनाउन सम्झौता गर्‍यो । जी स्पोर्ट्सले कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको अहिले रहेको मैदान उपयुक्त देख्यो । अहिले क्रिकेट मैदान भएको स्थानमा त्यतिबेला सानो फुटबल मैदान थियो ।

अन्तर्राष्ट्रिय स्तरको मैदान बनाउने सम्झौतासहित क्यानले त्रिभुवन विश्वविद्यालयसँग त्यो जग्गा पाँच वर्षका लागि भाडामा लिएको थियो । त्यसपछि जी स्पोर्ट्सले काम सुरू गर्‍यो । अनि त्यही मैदानमा नेपालले सन् १९९८ मा एसीसी ट्रफी आयोजना गरेको थियो । त्यसयता त्रिवि क्रिकेट मैदानमा वर्ल्ड क्रिकेट लिग डिभिजन फाइभदेखि, वर्ल्ड क्रिकेट लिग टु, टी-२० विश्वकप क्वालिफायर एसियास्तरका विभिन्न प्रतियोगिता भइसकेका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# दयाहाङ र रिश्माले सुरु गरे 'रिमै'को छायांकन, सौगात नरहने

काठमाडौं/'कबड्डी' जोडी दयाहाङ राई र रिश्मा गुरुङ लामो समयपछि फेरि एकसाथ फिल्ममा देखिँदैछन् । फिल्म 'रिमै'मा उनीहरुको सहकार्य जुरेको हो । मंगलबारबाट फिल्मको छायांकन सुरु गरिएको छ । गोरखाको सिरानचोकमा मुहूर्त गरेपछि फिल्मको छायांकन थालिएको निर्देशक खिलबहादुर गुरुङले जानकारी दिए । दयाहाङ र रिश्माले मुहूर्त सट दिएका थिए ।

अबको एक महिनासम्म गोरखाको सिरानचोक, झार गाउँ, भंगेरी, लासे, गोर्खा बजार क्षेत्रमा छायांकन हुने फिल्ममा कविता आले मगर, माओत्से गुरुङ, पुष्कर गुरुङ, बुद्धि तामाङ, गौमाया गुरुङ, वीर वल घले, डिवी गुरुङ लगायतको पनि अभिनय रहनेछ ।

यसअघि फिल्ममा अभिनेता सौगात मल्लको पनि अभिनय रहने निश्चित थियो । तर, 'बलिदान'सँग सेड्युल जुधेपछि उनले 'रिमै'बाट हात झिकेका छन् । उनी स्वयंले फिल्मबाट आफू अलग भएको पुष्टि गरे । उनले भने, 'म काम गर्न तयार नै थिएँ । जेठबाट सुटिङमा जाने कुरा थियो । त्योबेला भएन । दशैं लगत्तै सुटिङ भएको हुन्थ्यो भने पनि म गर्थें । तर, अहिले 'बलिदान'सँग सेड्युल जुध्यो । त्यसैले काम गर्न भ्याइएन ।' 'रिमै'को निर्मातामा वीर वल घले, टिका गुरुङ र दुन बहादुर घले छन् भने सह-निर्माता बिनु गुरुङ, रोशन भट्टराई र राजेश घिमिरे हुन् ।

रोहित कट्टेल प्रस्तुतकर्ता र रत्न श्रेष्ठ कार्यकारी निर्मातामा छन् । रोहित-रत्न फिल्मका वितरक समेत हुन् । उपेन्द्र सुब्बाको लेखन रहेको फिल्मलाई शैलेन्द्र ध्वज कार्कीले छायांकन गर्नेछन् । यसमा मित्र डि गुरुङको सम्पादन रहनेछ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# सिस्नेरी पहिरो घटनाः पीडित परिवारको आक्रोष, आँसु र अनुनय

साझाकुरा संवाददाता

हेटौंडा, ४ मंसिर/ २०८१ असोज ११ गतेदेखि देशभर अविरल वर्षा भयो । पूरा देश बाढीपहिरोको प्रकोपबाट आक्रान्त भयो । यसैबीच असोज १२ गते शनिबारको दिन एकाबिहानै मकवानपुरको सिस्नेरीबाट एउटा मनै चुँड्ने खालको समाचार आयो, 'अखिल नेपाल फुटबल संघले चलाएको सिस्नेरी एन्फा एकेडेमीका ६ बालकको पहिरोमा पुरिएर ज्यान गयो ।'




प्राकृतिक प्रकोपले देशभरै बितण्डा मच्चाइरहेको थियो । हृदयविदारक खबर आइ नै रहे । तर, सिस्नेरीको घटना फगत प्राकृतिक प्रकोपमात्र थिएन । त्यहाँ एकेडेमीमा लापरवाही भएको र त्यही लापरवाहीका कारण ६ अबोध बालकले ज्यान गुमाउनुपरेको विश्लेषणहरु पनि आइरहेका थिए । राष्ट्रिय खेलाडी बन्ने सपना पूरा गर्नका लागि एन्फाको एकेडेमीमा पठाइएका सन्तानको दूर्भाग्यजनक अवसानले परिवारमा ठूलै बज्रपात भयो । मनमा कहिल्यै नभरिने गहिरो घाउ लाग्यो ।

संघीय संसद चलेको थिएन । तथापि समितिमार्फत् यो घटनामाथिको छलफल संसदसम्म पुग्यो । आफ्ना अबोध सन्तानले अनाहकमा ज्यान गुमाउनुपरेको विषयले संसदीय छलफलमै प्रवेश पाएपछि अभिभावकलाई सन्तान गुमाए पनि कम्तिमा न्याय पाउने आशा थियो । यही आशा बोकेर प्रहरी, एन्फा, राष्ट्रिय खेलकुद परिषद, युवा तथा खेलकुद मन्त्री हुँदै प्रधानमन्त्रीसम्म न्यायको भिख माग्दै धाउनमै अभिभावकहरुले झण्डै दुई महिनाको समय खर्चिए ।

तर, सरकारको शीर्ष नेतृत्वदेखि तलैसम्म ६ अबोध बालकले ज्यान गुमाउनुपरेको विषय कसैको पनि प्राथमिकतामा परेन । राष्ट्रिय खेलाडी बनेर नेपाली फुटबलमा सेवा गर्ने लक्ष्य बोकेका आफ्ना सन्तानको जीवन चुँडिएको घटना अभिभावकले विर्सन सक्ने खालको थिएन । यसबीचमा योबाहेक उनीहरुको मन मशितष्कमा अरु कुनै विषय पनि आउनै सकिरहेको थिएन ।

सन्तानसँग बिछोडिनु पर्दाको पीडा दबाएर ५३ दिनसम्म शान्त बसेका अभिभावकले अब नबोली न्याय नपाउने ठहर गर्दै मंगलबार पत्रकार सम्मेलन गरे । जहाँ सिस्नेरी घटनामा ज्यान गुमाएका सबै ६ खेलाडीका अभिभावक थिए । अनि उनीहरुसँग थियो, प्रशासनप्रतिको चर्को आक्रोष, सन्तान गुमाएको पीडा, असह्य रोदन, कहिल्यै नरोकिने आँसु । कार्यक्रममा एन्फाका केही पदाधिकारी थिए । फुटबलका केही पूर्वखेलाडी थिए, अनि ठूलो संख्यामा पत्रकार उपस्थित थिए । घटनामा परि प्रियान्स आचार्य, अनुपम घलान, विकल रेग्मी, साइमन योन्जन, आदित्य बलम्पाकी र विवश वानियाँको मृत्यु भएको थियो ।

'हामी यहाँ आफ्ना सन्तानमाथि भएको अन्यायको कुरा राख्न आएका हौं । उनीहरुलाई न्याय मिलोस भनेर भिख माग्न आएका हौं । सरकारले हाम्रो आँसु देखेन । प्रधानमन्त्रीले हाम्रो पीडा बुझेनन् । खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषदले पनि यति ठूलो लापरवाही देखेन । पुलिस त पहिलो दिनदेखि नै हाम्रा सन्तानमाथि भएको अन्याय लुकाउन लागिपरेको छ,' सुजन (बलम्पाकी) का अभिभावक भरतबहादुर थापा पत्रकार सम्मेलनमा भक्कानिए, 'त्यही भएर हामी पत्रकारको शरणमा आएका छौं ।'

एन्फाले घटनाको छानवीन गर्न समिति गठन गरेको थियो । तर, आफ्नै चरम लापरवाहीका कारण घटेको यो घटनाका लागि गठन गरिएको कमिटी अर्थहीन रहेको पीडित परिवारको गुनासो छ । 'जसले आफ्नो गल्ती स्वीकार्न सक्दैन, उसैले गठन गरेको छानवीन समितिको विश्वास कसरी गर्ने ? एन्फा आफैं दोषी हो । समिति गठन गरे पनि अहिलेसम्म हामीले के पायौं ? अहिलेसम्म न त विद्यालयले नै घटनाको यथार्थ भन्न खोजेको छ, न त एन्फाले नै,' विकल (रेग्मी)का आमा कमला रेग्मी भन्छिन्, 'उहाँहरुले त घटनालाई प्राकृतिक प्रकोपसँग जोड्नुभएको छ । तर, तीन दिन अघिदेखि बाढीपहिरोको सूचना जारी भएको थियो । सिस्नेरीगाउँको उद्दार हुन सक्ने, हाम्रा छोराहरुको चाहिँ हुन नसक्ने ?'

रेग्मीले एन्फामाथि आठ लाख रुपैंयामा आफूहरुलाई किन्न खोजिएको आरोप समेत लगाए । 'हामीलाई एन्फाले आठ लाख रुपैंयाको चेक प्रदान गरेको थियो । जुन कुरा एकदमै निन्दनीय छ । के हाम्रो सन्तानको मूल्य आठ लाख हो ? एन्फाले हामीलाई चोटमाथि चोट दिएको छ,' रेग्मीको गुनासो छ । सिस्नेरी एन्फा एकेडेमीमा ४० खेलाडी आबद्ध थिए । घटनाको दिन वार्डेनले खेलाडीलाई आउन सक्ने खतरालाई बेवास्ता गर्दै होस्टलबाट बाहिर जान आदेश दिएको पीडित परिवारले बताएको छ ।

'आमा, पानी आयो, मलाई बचाउनुहोस् भन्दै छोराले फोन गरेको थियो । सुरक्षित ठाउँमा सार्नुहोस् भनेर भन्दा त्यहाँको होस्टल वार्डेनले केही हुँदैन भनेर नसारेको गुनासो गरिरहेको थियो,' अनुपम (घलान)का आमा ललिता घलान रुँदै बोल्छिन्, 'बिहान साढे पाँचबजे वार्डेनले भाग भनेर भनेपछि बच्चा भागेका रहेछन् । कताबाट जाने ? के गर्दा सजिलो हुन्छ ? बच्चाहरुलाई त्यो केही पनि बुझाइएन । त्यस्तो विपत्तिको बेला जतिसक्दो हल्का बनाएर पठाउनुपर्नेमा भारी झोला बोकाएर पठाए । ससाना बालकले स्थितिको मूल्यांकन गर्न सक्ने कुरै भएन । कसैले उनीहरुलाई नडोहोर्‍याएपछि स्थिति नबुझिकन सबैजाना गह्रौं झोला बोकेर दौडिए ।'

पीडित परिवारले न्यायवाहेक आफूहरुलाई केही नचाहिने प्रष्ट पारेका छन् । 'हामीलाई न्याय मात्र चाहिएको हो । सरकारी तहबाटै उच्चस्तरीय निश्पक्ष छानवीन समिति बनाएर प्रतिवेदन सार्वजनिक गरियोस् । दोषिमाथि कार्वाही होस् । ताकी भविश्यमा अरु थुप्रै छोराछोरीले अनाहकमा ज्यान गुमाउनु नपरोस् । फुटबल खेलाडी बनेर देशको सेवा गर्ने लक्ष्य लिएका हाम्रा सन्तानले अकालमा ज्यान गुमाउनुपर्यो । अब उनीहरुलाई अमर बनाउने केही काम गरियोस्,' पीडितहरु एक स्वरमा भन्छन् ।

सरकारबाट न्याय नपाए नेपाली फुटबल क्षेत्रमा कडा आन्दोलन गर्ने र अदालतको ढोका ढक्ढक्याउनेसम्मको योजनामा आफूहरु रहेको पीडित परिवारले बताए । 'आवश्यक प्रमाण लिएर जाहेरीमा पनि जान्छौं,' उनीहरु भन्छन् ।

*(स्रोत: खेलाडी डटकम)*

# बागमतीमा उपनिर्वाचन लक्षित एकीकृत सुरक्षाकेन्द्र निर्माणको तयारी



साझाकुरा संवाददाता

हेटौंडा, ४ मंसिर/ बागमती प्रदेश सुरक्षा समितिको बैठकले १६ मंसिरमा हुने उपनिर्वाचनका लागि एकीकृत सुरक्षा समन्वय केन्द्र निर्माण गर्ने निर्णय गरेको छ ।

मंगलबार हेटौंडास्थित आन्तरिक मामिला तथा कानुनमन्त्रालयमा भएको समितिको बैठकले उपनिर्वाचन हुने प्रदेशका चारवटा जिल्लालाई समेटेर एकीकृत सुरक्षा समन्वय केन्द्र बनाउने निर्णय गरेको मन्त्री सुरजचन्द्र लामिछानेले जानकारी दिए ।

१६ मंसिरमा कीर्तिपुर नगरपालिकाको नगरप्रमुखसहित १ र ४ नम्बर वडाको वडाअध्यक्ष, काठमाडौं उपमहानगरपालिका-१६ मा वडाअध्यक्ष, मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१२ मा वडाअध्यक्ष, दोलखाको गौरीशंकर गाउँपालिका उपाध्यक्ष, नुवाकोटको ककनी गाउँपालिकाको २ नम्बर वडाको वडाअध्यक्ष चयनका लागि उपनिर्वाच हुँदैछ ।

उपनिर्वाचन हुने जिल्लाको शान्ति सुरक्षाको रिपोर्टिङलाई एकद्वार प्रणालीबाट व्यवस्थित गर्दै चुस्तदुरुस्त सुरक्षा व्यवस्थापनका लागि एकीकृत सुरक्षा केन्द्रबाट काम गरिने लक्ष्य लिइएको मन्त्री लामिछानेले बताए ।

केन्द्रको संयोजन मन्त्री लामिछानेले गर्नेछन् । केन्द्रको सम्पर्क कार्यालय आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा रहने छ । यसैगरी, प्रदेश सुरक्षा समितिको बैठकमा प्रदेशका सुरक्षा निकायका प्रमुखबाट प्राप्त प्रदेशको शान्तिसुरक्षाको सामान्य अवस्थामाथि समिक्षा भएको छ ।

उपनिर्वाचनलाई सुरक्षित, निष्पक्ष, भयरहित वातावरणमा सञ्चालन गर्न जिल्ला सुरक्षा समितिहरुसँग भौतिक तथा विधुतीय माध्यमबाट नियमित सम्पर्कसहित आवश्यक सहयोग आदानप्रदान गर्ने, जिल्ला सुरक्षा समितिहरुसँग सहकार्य गरी आवश्यकताको आधारमा स्थलगत निरीक्षण तथा अनुगमन गर्ने, उपनिर्वाचनमा सेना परिचालन गर्ने संघीय सरकारको निर्णयअनुसार सुरक्षाको लागि आवश्यक कार्य गर्ने निर्णय भएको मन्त्री लामिछानेले जानकारी दिए ।

# बागमती प्रदेशसभालाई बिजनेश दिन सचिवहरुलाई निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा, ४ मंसिर/ बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले आगामी बागमती प्रदेश सभालाई बिजनेश दिन आवश्यक कानुनको मस्यौदा निर्माणका लागि सचिवहरुलाई निर्देशन दिएका छन् ।

हेटौंडा-२ स्थित मन्त्रालयमा मंगलबार कानुनमन्त्री लामिछानेको अध्यक्षतामा प्रदेशमा आवश्यक कानुन निर्माण सम्बन्धमा बैठक बसेको थियो । मंगलबारको बैठकमा प्रदेशका प्रमुखसचिव हरि लम्सालसहित मन्त्रालयका सचिव, महाशाखा प्रमुखहरु र मन्त्रालयका कानुन अधिकृतहरुको उपस्थिति थियो ।

प्रदेश सरकारका सचिवहरुलाई उनले आगामी पुसबाट सुरु हुने पन्ध्रौं अधिवेशनमा प्रदेशसभालाई बिजनेश दिने गरी आवश्क कानुनको मस्यौदा निर्माण गर्न निर्देशन दिएका हुन् । प्रदेशसभाको चौधौं अधिवेशन १६ असोज मध्यरातबाट अन्त्य गरिएको थियो । पुसबाट नयाँ अधिवेशन सुरु गर्ने तयारीमा सरकार छ ।

बैठकले केही प्रदेश ऐन संशोधनसम्बन्धी विधेयकको मस्यौदा निर्माणको विषयमा पनि छलफल भएको कानुन मन्त्रालयले जानकारी दिएको छ । संशोधन गर्नुपर्ने ऐनको विवरण र विषय वस्तु यथाशीघ्र उपलब्ध गराउन मन्त्री लामिछानेले निर्देशन दिएका छन् ।

मन्त्री लामिछानेले २०७९ मा बागमती प्रदेशमा निर्माण गर्नुपर्ने भनि पहिचान गरिएका कानुनको सूचिको पुनरावलोकन सम्बन्धमा मन्त्रालय मातहतको कानून मस्यौदा समितिलाई बुझाइएको प्रतिवेदनका आधारमा अझै ५२ वटा कानुन निर्माण हुन आवश्यक रहेको जानकारी दिए । जसमध्ये ४१ वटा विधेयक, ४ वटा नीति र ७ वटा नियमावली रहेको उनले बताए । मन्त्री लामिछानेका अनुसार प्रदेश सरकारलाई तत्काल निर्माण गर्नुपर्ने ९९ वटा कानुनको पहिचान गरिएको थियो ।

# उपयोगी सहस्राब्दीमा पुनः विडारी

साझाकुरा संवाददाता

हेटौंडा, ४ मंसिर/ हेटौंडा उपमहानगरपालिका-११ स्थित उपयोगी सहस्राब्दी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १६ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । शनिबार हेटौंडा-११ स्थित नवलपुर पार्टी प्यालेसमा जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड मकवानपुरकी अध्यक्ष कल्पना श्रेष्ठको प्रमुख आतिथ्य तथा सहकारीका अध्यक्ष दिनेश विडारीको सभाध्यक्षमा वार्षिक साधारणसभा भएको हो ।

साधारणसभाबाट विडारीकै अध्यक्षतामा ९ सदस्यीय सञ्चालक समिति र ३ सदस्यीय लेखा सुपरीवेक्षण समिति सर्वसम्मत चयन भएको हो । सोमबार दिउँसो नयाँ सञ्चालक समिति चयन गरिएको हो । सञ्चालक समितिको उपाध्यक्षमा यज्ञबहादुर आचार्य, सचिवमा रामेश्वर नगरकोटी, कोषाध्यक्षमा लक्ष्मी मैनाली चयन भएका छन् । साधारणसभाबाट सदस्यमा अर्जुनबहादुर मिश्र, रीता सिवाकोटी बर्तौला, विशालदीप कप्रौला, लक्ष्मी पुडासैनी र रामेश्वर फुँयाल चयन भएका छन् । लेखा सुपरीवेक्षण समितिको संयोजकमा पवन पण्डित, सदस्यमा रवि मिश्र र रञ्जिता केसी चयन भएका छन् । निर्वाचन समितिमा जिल्ला बचत संघकी अध्यक्ष कल्पना श्रेष्ठ संयोजक, सहकारीका सेयर सदस्य भानुभक्त आचार्य र हेटौंडा उपमहानगरको सहकारी शाखाकी कमला दर्जी रहेका थिए ।

साधारणसभामा सहकारीका अध्यक्ष विडारीले सहकारीको करिब ११ करोड रुपैयाँ भन्दा बढीको कारोबार गरेको जानकारी दिए । १ हजार ९ सय १७ जना सेयर सदस्य रहेको सहकारी संस्थाको सेयरपूँजी करिब १ करोड ३० लाख रुपैयाँ रहेको सहकारीका सचिव ईन्द्र सापकोटाले बताए । साधारणसभामा कोषाध्यक्ष रामेश्वर नगरकोटी र सचिव सापकोटाले पेश गरेको प्रतिवेदन सदस्यहरुले पारित गरेका थिए । वडाअध्यक्ष जुना दाहाल, हेउमनपा सहकारी शाखाअधिकृत हिमपूसाद पौडेललगायतको आतिथ्य रहेको साधारणसभामा सहकारीका उत्कृष्ठ बचतकर्ता, असल ऋणी, जेष्ठ नागरिकहरुलाई सम्मान गरिएको थियो ।

## मकवानपुरगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**मक्रान्चुली, मकवानपुर**
**बागमती प्रदेश, नेपाल**

## नगरप्रहरी हवल्दार करारमा लिने सम्बन्धि सूचना !

*(प्रथम पटक प्रकाशित मितिः २०८१/०८/०४)*

प्रस्तुत विषयमा यस मकवानपुरगढी गाउँपालिकाको मितिः २०८१/०५/११ गतेको गाउँकार्यपालिकाको निर्णयानुसार यस मकवानपुरगढी गाउँपालिकाको लागि तपशिल बमोजिमका नगरप्रहरी हवल्दार करार सेवामा नियुक्त गर्नु पर्ने भएको हुँदा योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले आफ्नो व्यक्तिगत नेपाली नागरिक्ताको प्रमाणपत्र तथा शैक्षिक योग्यता र अनुभवका प्रमाणपत्रहरु संलग्न गरी मकवानपुरगढी गाउँपालिकाको कार्यालय, मकवानपुरवाट राजश्व शाखामा बुझाएको सक्कलै रसिद संलग्न गरी आवेदन स्वयं उपस्थित भई गाउँपालिकाको प्रशासन शाखाबाट दरखास्त फारम लिई तोकिएको ढाँचामा फारम भरी १५ (पन्ध्र) दिन भित्र गाउँपालिकाको प्रशासन शाखामा दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त दस्तुर नबिल बैंक लि. मकवानपुरगढी शाखाको खाता नं. २२१०१०१७५०००५५ मा जम्मा गर्नु पर्नेछ ।

**(क) पदको विवरणः**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | पद संख्या | किसिम | आवेदन दस्तुर | शैक्षिक योग्यता | सेवाको प्रकार |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०३/०८१/८२ | नगरप्रहरी हवल्दार | सहायक तेस्रो | १ (एक) | खुला | ८०० | १० पास | करार |

**(ख) आवश्यक योग्यता र सर्तहरूः**

१. उमेरः दरखास्त दिने अन्तिम मितिसम्म नगरप्रहरी हवल्दारको लागि ४० वर्ष ननागेको (भुतपुर्व नेपाल प्रहरी, शसस्त्र नेपाल प्रहरी तथा नेपाली सेनाकोले मात्र आवेदन दिन सक्नेछन ।
२. उल्लेखित पदका लागि कुनैपनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको हुनुपर्दछ ।
३. कुनै राजनैतिक दलको सदस्य नरहेको ।
४. मानवअधिकार र मानवीय कानूनको उलंघनमा सजाय नपाएको ।
५. भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी कुनैपनि सेवाबाट नहटाईएको ।
६. नगरप्रहरी हवल्दार पदको लागि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वलबाट सो सरह वा माथिल्लो पदबाट सेवा निवृत्त भएको हुनु पर्दछ ।
७. उचाई, छाति, तौल र आँखाः
   - पुरुषको हकमा शरीरको उचाई घटीमा ५ फिट २ ईन्च, छाति नफुलाउँदा कम्तिमा ३१ र फुलाउँदा ३३ ईन्च, तौल कम्तिमा ५० के. जी. हुनुपर्दछ ।
   - महिलाको हकमा उचाई घटिमा ५ फिट, तौल कम्तिमा ४५ के.जी. हुनुपर्दछ ।
   - महिला पुरुष दुवैको हकमा आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको हुनुपर्दछ ।
८. आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरुः
   - नेपाली नागरिकताको प्रतिलिपि ।
   - पासपोर्ट साईजको फोटो थान ३ (तिन) प्रति ।
   - शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि ।
   - कार्य अनुभव तथा तालिमको प्रमाणपत्रहरुको प्रतिलिपि ।
९. हलुका चार पांग्रे तथा दुई पांग्रे सवारी चालक अनुमतिपत्र प्राप्त गरेको व्यक्तिलाई प्राथमिक्ता दिईनेछ ।
१०. छनौटका अन्य आधारहरु गढी गाउँपालिकामा नगरप्रहरी संचालन तथा व्यवस्थापन ऐन २०८० बमोजिम हुनेछ ।
११. सुविधाः मकवानपुरगढी गाउँपालिका नगरप्रहरी संचालन तथा व्यवस्थापन ऐन २०८० बमोजिम हुनेछ ।
१२. परीक्षाको किसिमः शारीरिक तन्दुरुस्ती, लिखित र अन्तर्वार्ता हुनेछ ।
१३. छनौट प्रक्रियाः पदपुर्ति समितिले तोके बमोजिम हुनेछ ।
१४. दरखास्त दिने अन्तिम मितिः २०८१/०८/१९ कार्यालय समय भित्र रहनेछ ।
१५. दरखास्त दिने स्थानः मकवानपुरगढी गाउँपालिकाको कार्यालय, मकान्चुली, मकवानपुर ।
१६. दरखास्त फारम : मकवानपुरगढी गाउँपालिकाको कार्यालय मकान्चुलीबाट प्राप्त गर्न सकिनेछ र सो सम्बन्धी पाठ्यक्रम गाउँपालिका कार्यालय वेवसाईट makawanpurgadhimun.gov.np मा राखिनेछ ।
१७. सम्पर्क मितिः २०८१/०८/२५ गते ।

## हेटौंडा क्याम्पस
**हेटौंडा-४**
**सेवा समितिको कार्यालय**

विज्ञापन नं. ०२-०८१/०८२ (खुला प्रतियोगिता)
*प्रथम पटक प्रकाशित २०८१/०८/०५ गते*

हेटौंडा क्याम्पस, हेटौंडाको कक्षा ११ र १२ मा वाणिज्य समूहका विभिन्न विषयहरू अध्यापन गर्न खुला प्रतियोगिताद्वारा आंशिक करारतर्फ पदपूर्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरूबाट मिति २०८१ मंसिर ११ गते साँझ ५ बजेभित्र हेटौंडा क्याम्पस, हेटौंडाको क्याम्पस सेवा समितिको कार्यालय (प्रशासन शाखा)मा दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । आवेदन फाराम हेटौंडा क्याम्पस, हेटौंडाको प्रशासन शाखाबाट रु ५००/- तिरी प्राप्त गर्न सकिने छ । म्याद नाघी प्राप्त हुन आएका र रित नपुगेका दरखास्तउपर कुनै कार्वाही हुने छैन । आवेदन फारम साथ आवेदन दस्तुर जम्मा गरेको सक्कल बैङ्क भौचर र आवश्यक कागजातहरूको प्रतिलिपि पेस गर्नु पर्ने छ ।

**क) पदसम्बन्धी व्यवस्थाः**
**समूह :** वाणिज्य
**सेवाको प्रकृति :** आंशिक करार
**परीक्षाको किसिमः** कक्षा अवलोकन र अन्तर्वार्ता
**आवेदन दस्तुरः** रु २,०००/- (अक्षरेपी दुई हजार मात्र)
**आवश्यक न्यूनतम योग्यता :** त्रिभुवन विश्वविद्यालय वा मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा न्यूनतम द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको

**ख) आवश्यक कागजातहरूः**
१. प्रवेशिकादेखि माथिका सबै तहका शैक्षिक योग्यताको लब्धाङ्कपत्र र प्रमाणपत्रहरूका प्रमाणित प्रतिलिपिहरू २ प्रति,
२. अनुभवको प्रमाणपत्र (आङ्गिक, सामुदायिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूमा शिक्षण सेवामा स्थायी, अस्थायी वा करार सेवामा रही काम गरेको भए सोको स्पष्ट मिति तथा कार्यालय खुलेको प्रमाणित पत्र) २ प्रति,
३. हालसालै खिचिएको पासपोट साइजको फोटो २ प्रति,
४. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि २ प्रति,
५. व्यक्तिगत विवरण (बायोडाटा) २ प्रति,
६. प्रकाशित अनुसन्धानात्मक कृतिहरूः विज्ञापन प्रकाशित हुनुभन्दा अगाडि प्रकाशित भइसकेको सम्बन्धित विषयको पाठ्यपुस्तक, सम्बन्धित विषयको सन्दर्भग्रन्थ, विषयगत अनुसन्धानात्मक प्रतिवेदन, विषयगत अनुसन्धानात्मक लेखहरू, विषयगत साधारण लेखहरू र स्नातकोत्तर तहको शोध निर्देशन गरिएको प्रमाणित पत्र आदि) उम्मेदवारले आवेदन फाराम साथ पेस गर्नु पर्ने छ ।

उल्लिखित विज्ञापनमा भूलवश कुनै त्रुटि हुन गएमा सो सच्याउने अधिकार क्याम्पस सेवा समितिमा सुरक्षित हुने छ ।

**सदस्य सचिव**
**सेवा समिति**
**हेटौंडा क्याम्पस**
**फोन नं ०५७-५२६७३७**

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरूः**



☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल
**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
**हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)**
सम्पर्कः ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना